# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



सिद्धार्थ बोधिसत्वलाई सुजाताले खिर भोजन
दान दिइरहेको दृश्य ।

मा घ पू र्णि मा

वर्ष– १४ अंक– १० वार्षिक रू. ३५/– मूल्य रू. ४/–

DHARMAKIRTI

Downloaded from http://www.dhamma.digital

## सम्पादकीय  विदेशी सहयोग सदुपयोग हुनपऱ्यो

धर्मप्रचारका लागि आधारको रूपमा एक मञ्चको आवश्यकता पर्दछ । त्यसैले ठाउँ ठाउँमा विहारहरूको निर्माण गर्नुको मुख्य उद्देश्य पनि विहारलाई बुद्ध शिक्षा प्रचार केन्द्र र मञ्चको रूपमा राख्नको लागि नै हो । हामीलाई केवल बुद्ध–पूजा गतिविधिमा मात्र सीमित रहेर पुग्दैन । आजभोली धेरैजसो विहार विहारमा शुक्रबार र शनीबार गरी दुई दिन बौद्ध परियत्ति कक्षा संचालन भइरहेको समाचार प्राप्त भइरहेको एक सराहनीय कुरा हुन आएको छ ।

नेपाल बुद्धको जन्मभूमि भएको नाताले थाइल्याण्ड, जापान, ताइवान आदि विभिन्न देशहरूबाट बौद्धहरू आई बुद्ध धर्म प्रचारार्थ आर्थिक सहयोग दिने कार्य गरिरहेका छन् । हाम्रो देश गरीब देश भएकोले विदेशी आर्थिक सहयोग बिना विकास कार्यहरू संचालन गर्न हामी असमर्थ छौं । अतः हामी पूर्णरूपले स्वतन्त्र छैनौं । फलस्वरूप बुद्ध धर्म प्रचारार्थ समेत पनि हामी विदेशी सहयोगको भरोसामा उभिएका छौं । आत्मनिर्भर हुनसकेका छैनौ । तर दुःख र दुर्भाग्यको कुरो, यस्तो अवस्थामा पुगेका हाम्रो माझमा त्यहो विदेशी सहयोगलाई पनि लुट्ने लुटाहाहरूले दुःख दिइरहेको समाचारहरू सुन्नमा आइरहेका छन् । यस्तै एक घटना यहाँ उल्लेख गरिन्छ ।

बलम्बु प्रणिधिपूर्ण विहारमा सचालन भइरहेको बौद्ध परियत्ति शिक्षाको विकासको लागि एक जापानी बौद्ध महिलाले अमेरिकी डलर १८ हजार रकम सहयोगको रूपमा दिएको रहेछ । तर सिद्धिबहादुर शाक्य भन्ने एक उपासकले सो रकमलाई सदुपयोग नगरी गुप्तरूपमा राखिएको समाचार प्राप्त भएको छ । बलम्बुमा मात्र होइन अन्य संस्थाहरूमा पनि यसरी नै बौद्ध कार्यकर्ताहरूले विदेशी सहयोगको दुरुपयोग गरेको कुरो विश्वत सूत्रबाट थाहा हुन आएको छ ।

बुद्ध शिक्षा प्रचारार्थ श्रद्धाले भरेको शुद्ध त्याग चित्तले दिइएको दान माथि लोभले भरेको अशुद्ध चित्तले आक्रमण गर्ने खोज्नु र आफूलाई समयमा संयम गर्न नसक्नु खेदपूर्ण कार्य हो यो । बौद्ध नेताहरूमा यसरी रकम हिनामिना गर्ने कुबानी र मद्यपान गर्ने आदि जस्तो कुबानीहरू हटाउन नसकी उनीहरू नै शुद्ध बुद्ध शिक्षा प्रचार गर्ने कार्यमा बाधा र तगारोको रूपमा उभिन पुगेको देखियो । धार्मिक संस्थामा संलग्न भएका व्यक्तिहरूमा शुद्ध बौद्ध चरित्र हुन सकेमा उनीहरू समाजमा धार्मिक व्यक्तिको नमूना बन्न सक्ने थिए र उनीहरू नै धर्म प्रचारको मूल साधन हुन सक्ने थिए । त्यस्तै विदेशी आर्थिक सहयोगको सदुपयोग गर्न सक्नु पनि धर्म प्रचारको कार्य नै हो । दाताहरूका श्रद्धालाई नबिगारी संस्थागत रूपमा काम गर्नु पनि धर्म प्रचारको अर्को एक माध्यम हो । त्यसैले बौद्ध नेताहरूमा नैतिक बल हुनु अति आवश्यक छ । त्यसो हुन सकेमा मात्र अपवादबाट बची विश्वासिलो पात्र र धार्मिक व्यक्ति बनो बुद्धको सच्चा अनुयायी बन्न टेवा पुग्नेछ । यसरी बुद्धको सच्चा अनुयायी बन्न प्रेरणा सबैमा जागोस् । धर्मकीर्तिको यही शुभकामना छ ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित

व्यवस्थापक
चिनीकाजी महर्जन

ने० सं० १११७

सम्पादक
अ. वीर्यवती

बु० सं० २५४०

प्रधान सम्पादक
भिक्षु अश्वघोष
फोन– २२७१५०

प्रकाशक व विशेष सल्लाहकार
अनगारिका धम्मवती

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
काठमाडौं
फोन : २२०४६६

पोष्ट बक्स नं. ४९९२

# धर्मकीर्ति
## ( बौद्ध मासिक )
# THE DHARMAKIRTI

FEBRUARY 1997

वर्ष–१४ | अंक–१० | सिपुन्ही | माघ २०५३




चाहे गृहस्थ होस्, चाहे प्रव्रजित सन्यासी, यदि त्यो मिथ्या नियतवाला छ, तब त्यो मिथ्या आचरणको कारण असल धर्मको आराधक हुनै सक्दैन ।

उच्च कुलमा जन्म लियो भन्दैमा "लोभ" के नष्ट हुन्छ ? उच्च कुलमा जन्म लिदैमा न द्वेष नष्ट हुन्छ, न मोह नै ।

उच्च कुलमा बरू जन्म नलिएकै होस्, तर यदि मनुष्य–धर्म आचरणमा लागेर धर्मको ठीक ठीक आचरण गर्दछ, तब त्यो प्रशंसनीय छ, पूज्य छ ।

कटु वाक्य (गाली वा भनाई) लाई सुनेर हामीले त्यसलाई मनमा लिनु हुँदैन । (किनकि शान्ति मिल्दैन) ।

Downloaded from http://www.dhamma.digital

# धम्मपद – ९३

– रीना बनिया

"यो चे वस्ससतं जीवे – अपस्सं अमतं पदं ।
एका'हं जीवितं सेय्यो – पस्सतो अमतं पदं ।।"

अर्थ—अमृत-निर्वाण पद साक्षात्कार नगरिकन एकसय वर्ष बाँच्नुभन्दा अमृत-निर्वाण पद देखेर एकदिन मात्र बाँच्नु पनि उत्तम छ ।

यो गाथा भगवान् बुद्धले जेतवन महाविहारमा वास गरिरहनु भएको बेला किसागौतमीको कारणले आज्ञा हुनु भएको हो ।

घटना—श्रावस्ती नगरमा एउटा महाजनकी बुहारी किसागौतमीको बिवाह भएको धेरै वर्ष भैसक्दा पनि बच्चा नपाएकोले बाँझी आईमाई भनेर उनलाई सबैले हेला गर्ने गर्थ्यो । हेला मात्र होइन घरका परिवार र आफ्नै लोग्नेले समेत पनि उसलाई धेरै दुःख, कष्ट र यातना दिएर बाँची नसक्नु बनाइएको थियो । यतिकैमा उसको कोख भर्‍यो । किसाको खुशिको सीमा रहेन । महिना पुगेपछि उसले अत्यन्त राम्रो छोरा जन्माइन् । छोराको जन्मले परिवारमा उसको मान सन्मान पनि बढ्यो । यसरी उसको नरक समानको जीवन स्वर्गमा परिणत भयो । तर अभागी किसाकी बच्चा केही समय-पछि हिँड्न मात्रै जान्ने उमेरमा बिरामी भएर मर्‍यो । बच्चाको मृत्युको शोक किसाले सहन सकिनन् । बच्चाको दाह संस्कारको कार्य तयार गर्न लाग्दा "मेरो छोरा मरेको छैन बिरामी मात्र भएको हो । यसलाई ठीक गर्ने वैद्य र औषधी म आफै खोज्छु ।" भन्दै मरेको बच्चालाई च्यापेर उनी घरबाट निस्किन् । उनी पागल भइसकेकी थिइन् । श्रावस्ती नगरमा घर-घरमा गएर उसले आफ्नो बच्चालाई बचाउने औषधी खोज्दै हिँडिन् । मानिसहरूले 'तिम्रो बच्चा मरिसक्यो' भनेर कति सम्झाए पनि उसले सम्झन सकिनन् । यसरी मरेको बच्चालाई लिएर घुम्दै हिँडेको अवस्थामा किसाले एउटा दयावान् पण्डितलाई भेटिन् । उससँग पनि किसाले आफ्नो बच्चाको लागि औषधी माग्दा त्यस विद्वान मानिसले किसालाई "भगवान् बुद्धकहाँ जानु । उहाँले तिम्रो बच्चालाई ठीक गर्न सक्नु होला शायद" भनेर बाटो देखाइदियो । किसागौतमी बाटो लाग्दै जेतवन विहारमा पुगिन् । भगवान् बुद्धलाई वन्दना गरी उसले बिन्ति गरिन्—"भन्ते, तपाईंले मेरो बच्चाको रोग निको पारिदिन सक्नु हुन्छ भन्ने सुनेर आएको हुँ ।"

भगवान् बुद्धले भन्नुभयो—"हो बहिनी ! मैले रोग निको पार्न सक्छु ।"

किसागौतमीको मनमा ठूलो आशा जाग्यो । भगवान् बुद्धले फेरि भन्नुभयो—"तर बहिनी मलाई औषधीको लागि एउटा वस्तुको आवश्यकता पर्छ । त्यो ल्याइदिन सक्छौ ?"

"ल्याउँछु भन्ते, आफ्नो बच्चालाई ठीक पार्न म जे पनि गर्न तयार छु ।" किसाले भनिन् ।

"त्यसो भए नगरमा गएर कुनै एउटा घरबाट एक मुट्ठी तोरिको बियाँ लिएर आउनु । तर त्यो घरमा कोही पनि कहिल्यै नमरेको हुनुपर्छ ।"

"हवस् भन्ते" भनेर तथागतलाई वन्दना गरी मनमा ठूलो आशा लिएर तिनी नगरमा गइन् । नगरका घर घरमा गएर उनले त्यो वस्तु खोजिन् । तोरिको बियाँ प्रायः जसो घरमा पाइन् । तर ! कहिल्यै कोही पनि मानिस नमरेको घर उसले भेट्टाउन सकिनन् । हरेक घरमा कोही न कोही एउटा व्यक्ति त मरिसकेको कुरा



Downloaded from http://www.dhamma.digital

थाहा पाइन् । यसरी सबैले एक न एक दिन त मर्नु नै पर्दो रहेछ भन्ने कुरा किसागौतमीले थाहा पाइन् । यस विषयमा चिन्तना गर्दै उसको पुत्र मोह कम हुँदै गयो । उनीले मरेको बच्चालाई जंगलमा छोडी फेरि भगवान् बुद्ध कहाँ गइन् ।

भगवान् बुद्धकहाँ गई आफूले कुरा बुझेका बारे सबै विस्तारै सुनाइन् । अनि तथागतले उसलाई फेरि बुझाउँदै भन्नुभयो—"तिमीले यस संसारमा तिम्रै छोरो एउटा मात्र मरेर गएको भनियान्यौ । तर सत्व प्राणीहरूको लागि मर्नु निश्चित छ । प्राणीहरूलाई मृत्युराजले आ–आफ्नो इच्छा पूर्ण हुन नपाउँदै नदीको पानीले बगाएर लगे जस्तै लग्छ ।"

धर्मदेशना सुनेपछि किसागौतमीको आँखा खोल्यो र श्रोतापत्ति फलमा प्रतिष्ठित भइन् । अर्थात् बोध भइन् । त्यहीं भगवान् बुद्धसँग प्रव्रज्या मागेर भिक्षुणीहरू कहाँ प्रव्रजित भएर उपसम्पदा पनि प्राप्त गरिन् र किसागौतमी थेरीको नामले जानिन् । एकदिन उपोसथागारमा किसागौतमी थेरीको काम गर्ने पालो आयो । बत्ति बाल्दाखेरी बत्तिको ज्वाला निस्केर विनाश भइरहेको देखेर उनीले त्यसैमा आरम्मण गरी यसरी मनन गरिन्—"यस्तै प्रकारले यी सत्व प्राणीहरू उत्पन्न हुँदै विनाश पनि भएर गइरहेका छन् । निर्वाण (मुक्त अवस्था) सम्म पुगिसकेपछि मात्रै उत्पत्ति विनाशको क्रम रोकिने देखिन्छ ।"

किसागौतमीले मनन गरिराखेको अनित्य भावलाई तथागतले थाहा पाउनु भएपछि यसरी उपदेश दिनुहुँदै भन्नुभयो—"त्यस्तै हो गौतमी । यो संसारमा सत्व प्राणीहरू त्यो बत्तिको ज्वाला जस्तै उत्पन्न हुँदै निरोध (विनाश) भएर गइरहेका छन् । निर्वाणमा पुगिसकेका व्यक्तिहरूको मात्रै उत्पन्न र विनाश हुने क्रम रोकिन्छ । यसप्रकार निर्वाणलाई प्रत्यक्ष साक्षात्कार नगरिकन सयौं वर्ष बाँच्नु भन्दा निर्वाणमा पुगेर एकदिन मात्र बाँच्नु नै उत्तम छ ।"

यसरी धर्मदेशना गरेर भगवान् बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

धर्मदेशनाको अन्तमा किसागौतमी त्यहीं आसनमा प्रतिसम्भिदा (विशेषता) सहित अरहन्त भइन् ।

***

# मेरो बाल्यकाल

– शम्भू गुरुङ्ग
प्रकाशपुर–२ सुनसरी

रमाउँथें म आफूसँगै
मेरो जीवनको त्यो बिहानी थियो
कुनै दुर्भाव थिएन त्यहाँ
न छल कपट नै थियो
अबोधता भित्रको आनन्द थियो
न दुःख न पीर नै थियो
सम्झेर हेर्दा शायद
जीवनको स्वर्णिम सत्य त्यो थियो
विस्तारै म बढ्दै गएँ
रहर र ईच्छाहरू थपिंदै गए
चाहाना र तृष्णा बढेर
ठूलो उथलपुथल भयो
चलाख भएर त चिन्ता झनै बढ्यो
घमण्डी बनेर अहमता मनमै रह्यो
सम्झन्दा यहाँ आफूभित्र ठूलो ज्ञान भयो
बढ्दो यो उमेरभन्दा त बाल्यकालनै राम्रो थियो

***



Downloaded from http://www.dhamma.digital

# लुम्बिनी राष्ट्रकै विकास होइन र ?

– केदार शाक्य

लुम्बिनीलाई अन्तर्राष्ट्रिय तीर्थस्थल तथा पर्यटन विकास र नेपालकै विकासमा महत्वपूर्ण केन्द्रको आधार-शीला राख्ने कार्यमा श्री ५ महेन्द्र तथा संयुक्त राष्ट्रसंघका पूर्व महासचिव उथान्तको ठूलो योगदान छ। सन् १९६७ अप्रिल १३ मा दुवै व्यक्तित्वबीच लुम्बिनीको भविष्यको गुरुयोजना सम्बन्धमा फलदायी छलफल भएको थियो। लुम्बिनी गुरुयोजनाको वर्तमान स्वरूप बारे प्रोफेसर केन्जो टांगेले सन् १९७२ मार्च २१–२४ सम्म काठमाडौं-मा सम्पन्न सेकेण्ड एडभाइजरी प्यानल बैठकमा गुरुयोजनाको विस्तृत व्याख्या गर्नुभएको र त्यसको औचित्यबारे संयुक्त राष्ट्रसंघ लगायत सबै संवद्ध पक्षले स्वीकार गरी लागू भएको स्मरणीय छ।

संयुक्त राष्ट्रसंघका पूर्व महासचिव उथान्तले लुम्बिनी गुरुयोजनालाई वर्तमान स्वरूप दिने सिलसिला-मा जुन अभिरूचि राख्नुभयो त्यो कार्य मौर्य सम्राट अशोकले इसापूर्व २४९ मा नै लुम्बिनी पत्ता लगाउन गरेको योगदानभन्दा कम छैन। भगवान् बुद्धको पवित्र जन्मस्थल भनी ऐतिहासिक प्रमाणका आधारमा बिश्व-लाई चिनाउन ब्राह्मी लिपिमा "इवह बुधे जाते" लेखी अशोकस्तम्भ खडा गरेको र त्यसलाई पुनः पत्ता लगाएको अहिले एक शताब्दी पुगिसकेको छ। यस अवसरमा लुम्बिनी विकास कोष अशोकस्तम्भ शतवार्षिकी लुम्बिनी महोत्सव मंसीर १४ तदनुसार सन् १९९६ डिसेम्बर २९ देखि सप्ताहव्यापी रूपमा मनाइयो। यो महोत्सवले वास्तवमा लुम्बिनीकै विकास तथा नेपालको पर्यटन प्रवर्द्धन गरी समग्र विकासमा थप योगदान पुऱ्याउने अपेक्षा लिएको पाइन्छ। यो कार्य समय–सापेक्ष त छँदैछ यसका साथै लुम्बिनीको ऐतिहासिक तथा धार्मिक र सांस्कृतिक महत्वका सम्बन्धमा पनि विदेशी तथा स्वदेशीहरूलाई थप जानकारी तथा अभिरूचि पैदा गर्नमा पनि बल पुऱ्याउने खालको छ। यसै सिलसिलामा एउटा थप चर्चा उठेको छ। लुम्बिनी क्षेत्रमा अन्तर्राष्ट्रिय विमानस्थल किन नबनाउने ?

यो प्रश्न सबैका मनमा उठ्नु स्वाभाविकै पनि हुन्छ। लुम्बिनी विकासको बृहत्तर गुरुयोजना तयार पार्दा जापानी वास्तुकलाविद् केन्जो टांगेले लुम्बिनी क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको विमानस्थल भएमा वार्षिक १० लाखसम्म विदेशी पर्यटकहरू आउनसक्ने अनुमान लगाउनु भएको थियो। हाल नेपालको स्थिति हेर्दा वार्षिक तीनदेखि साडेतीन लाख विदेशी पर्यटकहरू नेपाल आएको तथ्यांक पाइन्छ। लुम्बिनी अञ्चलमा पर्यटन विकास र अन्तर्राष्ट्रिय विमानस्थल विषयक विचार गोष्ठी पनि सम्पन्न भइसकेको छ। त्यस अवसरमा योजना आयोगका उपाध्यक्ष पृथ्वीराज लिगलले दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल लुम्बिनीमा बन्नसक्ने र नवौं पञ्चवर्षीय योजनाबाट भएको कार्य थालिने स्पष्ट जानकारी दिनुभएको कुरा सार्वजनिक भइसकेको छ। यसका साथै राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. मोहनमान सैंजुले लुम्बिनी क्षेत्र पर्यटकीय चक्रपथको रूपमा विकसित हुनसक्ने यथार्थ कुरा व्यक्त गर्नुभएको छ। लुम्बिनीसँग विश्वका असंख्य जनता धार्मिक दृष्टिले भावनात्मक निकट सम्बन्ध राख्ने भएकाले पनि लुम्बिनी अञ्चलमा पर्यटकीय विकासका प्रशस्त सम्भावना छन्। र, अन्तर्राष्ट्रिय विमानस्थल बनेमा नेपालको पर्यटन



Downloaded from http://www.dhamma.digital

विकास अझै फस्टाउने उहाँका विचार सान्दर्भिक भएको महसूस हुन्छ। तर दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौं उपत्यका बाहिर कहाँ–कहाँ हुन सक्तछ भन्ने संभावित अध्ययनहरू बिराटनगर, भरतपुर, सिमरा, पोखरा, भैरहवा (लुम्बिनी), नेपालगंज र दाङमा भएका छन्। यी संभावित क्षेत्रहरूमा पटक-पटक अध्ययन भए पनि लुम्बिनी क्षेत्रमा चाहिं हालसम्म नभएको देखिन्छ। तथापि लुम्बिनी क्षेत्रमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न प्राविधिक कठिनाई नभएको तथ्य स्पष्ट भइसकेकाले हाल उच्चस्तरीय व्यक्ति विशेषबाट अभिव्यक्त विचारको मूल्यांकन गर्दा लुम्बिनी क्षेत्रमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरिदा पर्यटन प्रबर्द्धनमा प्रत्यक्ष लाभ पुग्न जाने निश्चित नै देखिन्छ।

मुलुकको समग्र विकास अभियानमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका विषयले विशेष स्थान राख्ने हुन्छ। त्यस्ता प्रश्नहरूमा राजनीतिक वा क्षेत्रीयताका साँघुरो दृष्टिले विवेचना गर्ने परिपाटीलाई सबैले परित्याग गरी स्वच्छ राष्ट्रिय भावनाले अभिप्रेरित भई हेर्ने दृष्टिकोण बनाउँदै लान सकियो भने अन्ततः मुलुकले समग्रतामा विकास गर्न सजिलो बाटो पाउँछ। लुम्बिनी क्षेत्रमा अन्तर्राष्ट्रिय विमानस्थल बन्न सकेमा मुलुकको पर्यटन-प्रबर्द्धन हुने बलियो सम्भावना रहन्छ भने त्यसलाई सफल पार्न सबैको सहयोग र सद्भावना जुट्नु पर्दछ। वर्तमानमा लुम्बिनी महोत्सवले निर्वाह गर्ने सफलतामा यहाँ अन्तर्राष्ट्रिय विमानस्थल बन्नु राष्ट्रकै लागि ठूलो उपलब्ध र गर्वको कुरा पनि हो।

साभार – गोरखापत्र

★★★

# भिक्षु / भिक्षुणी

– भिक्षु विशुद्धानन्द

केश दाह्री मुण्डन पात्र चीवर धारी
गृह त्यागी भिक्षाचारी संयमी एकान्तवासी
धर्म प्रचार चारिका गर्दै जीवन बिताउने
अन्धोलाई आँखा दिने बुद्ध दायाद हो तिमी

अटसमटस हुने पर्वत जस्तै
श्रद्धा तिम्रो अटल
सरररर बहने हावा जस्तै
करुणा तिम्रो शितल
अनाशक्त समाजसेवी त्यागी हौ तिमी
कर्म फल अनुभवी योगी हौ तिमी

सललल बग्ने नदी जस्तै
वीर्य तिम्रो गतिमान
दनदन दन्किने आगो जस्तै
समाधि तिम्रो निर्विकार
पारमिता पुरा गर्ने पुरुषार्थी हौ तिमी
संघ सदस्य जन्माउने मातृशक्ति हौ तिमी
गडगडाउने बिजुली जस्तै

स्मृति तिम्रो सूक्ष्म
चमचम चम्किने खुकुरी जस्तै
प्रज्ञा तिम्रो तिक्ष्ण
चार आर्यसत्य बुझ्ने धीर हौ तिमी
अष्टाङ्गिक मार्गमा हिंड्ने वीर हौ तिमी

★★★



Downloaded from http://www.dhamma.digital

# बुद्धको सिद्धान्त

— बरदेश मानन्धर

भगवान् बुद्धको सिद्धान्त के हो ? यो प्रश्न कसैले हामीलाई एकाएक सोधेमा हामी अकमकिनु स्वाभाविक हो । किनभने यो प्रश्नको उत्तर दिनु त्यति सजिलो छैन । भगवान् बुद्धको सिद्धान्त यही हो भनी किटान गरेर शायद कसैले पनि भन्न सक्दैन होला । त्यसोभए के बुद्धको आपनो सिद्धान्त नै छैन र ? अथवा निश्चित छैन ? त्यसो होइन, उहाँको आपनो सिद्धान्त छ र निश्चित पनि छ । उहाँको सिद्धान्त यही हो भनी किटान गरी भन्न सक्नेहरू शायद हुन सक्दैन भन्नुको मतलव उहाँको सिद्धान्त सम्पूर्णरूपले व्याख्या गर्न सजिलो छैन भनेको मात्र हो । बुद्धको शिक्षा बुझ्नको लागि स्वतन्त्र चिन्तनको जरूरत पर्दछ । होइन भने बुझे जस्तो मात्र हुन्छ, तर भित्री मनले राम्ररी यथार्थ बुझेको हुँदैन । हामी बौद्ध अर्थात् बुद्धका अनुयायीहरूले उहाँको सिद्धान्तलाई संक्षिप्तरूपमा मात्रै भएपनि बुझिराख्नु आवश्यक छ । यसबारे केही कुरा बुझाउनको लागि सारिपुत्र भन्तेले बुद्धको सिद्धान्त कसरी जान्नुभयो अनि उहाँ बुद्धको शरणमा किन जानुभयो भन्ने बारे केही कुरा प्रस्तुत गर्न लागेको छु ।

सारिपुत्र भन्तेको जन्म उपतिस्स गाउँमा एक ब्राह्मण कुलमा भएको थियो । उहाँको आमा-बुबा अर्थात् परिवार धनी थिए । धन सम्पत्ति र वैभवले परिपूर्ण भएपनि उहाँको मन आपनो सम्पत्तिमा आशक्त थिएन । सधैं गम्भीर भई चिन्तन सागरमा पौडिरहनु हुन्थ्यो । गृहस्थी छँदा भन्तेको नाम उपतिस्स थियो ।

सारिपुत्र भन्तेको कोलित नाम गरेको अत्यन्त मिल्ने साथी एकजना पनि थियो । कोलित पनि धनाढ्य परिवारको छोरा भएपनि चालचलन उपतिस्ससँग मिल्थ्यो । साथीहरू दुबै जीवनको रहस्य र सत्यज्ञान पाउनको लागि अत्यन्त इच्छुक थिए । उनीहरूको जिज्ञासा यही थियो—संसारमा दुःखले किन आपनो स्थान लिइरहेको छ ? यो दुःख निर्मूल गर्न के गर्नु पर्ला ? यो कुरो बुझ्ने उद्देश्यले दुबैले गृह त्याग गरे । उनीहरूले यसरी प्रतिज्ञा गरेका थिए—दुई साथीमध्ये कसले पहिला सत्यज्ञान प्राप्त गर्छ उसले अर्को साथीलाई त्यस ज्ञान बारे बताउनु पर्दछ । दुबैजना सञ्जय भन्ने पण्डितकहाँ गई विद्या अध्ययन गरे । तर त्यहाँ उनीहरूले खोजेको विद्या पाउन सकेनन् । दुबैजनाको मनले इच्छा गरेको विद्या सञ्जय पण्डितले दिन सकेन ।

एकदिन उपतिस्सले अस्सजि भन्ने भिक्षु भेट्यो । अस्सजि भिक्षुको तेजोलो, शान्त मुहारले उपतिस्स ज्यादै प्रभावित भयो । अस्सजि भिक्षुको दर्शन पाउने वित्तिकै उहाँसँग सत्यज्ञान हुनुपर्छ भन्ने अड्कल लगाए उपतिस्सले, तर अस्सजि भिक्षु भिक्षाटनको लागि हिंडीरहनु भएको देखी उपतिस्सले उहाँलाई हस्तक्षेप गर्न उचित ठानेन र भिक्षुको पछि पछि लाग्यो । विहारमा पुगेपछि मात्र उपतिस्सले विस्तारै अस्सजि भिक्षुसँग प्रश्न गरे—

"तपाईंको गुरु को हुनुहुन्छ ? तपाईंको गुरुको सिद्धान्त के होला ?"

अनि अस्सजि भिक्षुले बुद्धको परिचय दिनुहुँदै उहाँको सिद्धान्तबारे यसरी गाथा (श्लोक) द्वारा बताउनु भयो—

"ये धम्मा हेतुप्पभवा तेसं हेतु तथागतो आह ।
ते सञ्चयोनिरोधो एवं वादी महासमणोति ॥"



Downloaded from http://www.dhamma.digital

अर्थात्—जुन धर्म (स्वभाव) द्वारा हेतु उत्पन्न हुने हो, त्यस धर्मको हेतुबारे तथागतबाट आज्ञा हुनुहुन्छ। फेरि त्यस हेतुको निरोध बारे पनि आज्ञा गर्नु हुने उहाँ महाश्रमण हुनुहुन्छ।

ज्ञान र बुद्धिले परिपक्व उपतिस्सलाई यति ज्ञानको कुरो सुन्ने बित्तिकै भित्री ज्ञानको आँखा खुल्यो। यो गाथा एउटा सुन्ने बित्तिकै उपतिस्सले स्रोतापत्ति ज्ञान लाभ गऱ्यो। निर्वाण साक्षात्कार गर्ने मार्गमा पुग्न सफल भयो। अब उपतिस्ससँग म र मेरो भनी आशक्त भई कुनै चीजमा चित्त टाँस्ने बानी हट्यो। यति मात्र होइन नचाहिंदो शंका उपशंका र अन्धविश्वास जस्ता कुबानी पनि हट्यो। उसले बुद्धलाई चिन्न सफल भयो। साथै बुद्धको सिद्धान्त बुझ्न सफल भयो।

यहाँ उपतिस्सले के बुझ्यो? भन्ने प्रश्न उठ्न सक्छ। उपतिस्सले उत्पत्ति र बिनासको हेतु र हेतु (कारण) निर्मूल गर्ने उपायलाई बुझ्यो। वही बुद्धको मूल सिद्धान्त पनि हो।

यहाँ हामीले पनि बुद्धको सिद्धान्तको बारे एक-पटक विचार गर्नुपर्ने देखिन्छ। संक्षिप्तमा भन्ने हो भने बुद्धको सिद्धान्त ४ वटा आर्यसत्य हो। चतुआर्यसत्य भनेको के हो त? ती हुन्—

१. दुःख सत्य, २. दुःख समुदय (दुःखको कारण) सत्य,
३. दुःख निरोध (दुःखको अन्त्य गर्न सकिन्छ) सत्य,
४. दुःख निरोध गामिनी प्रतिपदा (दुःख अन्त्य गर्ने मार्ग) सत्य।

अब मैले बुझे जस्तै चतुआर्य सत्य बारे व्याख्या गर्न चाहन्छु।

१. दुःख सत्य—पहिला दुःख सत्य भनेको के हो त्यसको केही चर्चा गरौं। यो संसारमा मुख्यतया ८ प्रकारका दुःखहरू छन्। ती हुन्—(क) जन्म हुनु, (ख) बूढा-बूढी हुनु, (ग) रोग हुनु, (घ) मृत्यु हुनु, (ङ) आफूलाई मनपर्नेहरूबाट बियोग भई बस्नुपर्ने, (च) आफूलाई मन नपर्ने व्यक्तिहरूसँग जीविका गर्नुपर्ने, (छ) आफूले ईच्छा गरेको पूरा हुन नसक्ने, (ज) संक्षिप्तमा यो शरीर धारण गर्नु परिराखेको नै दुःख हो। किनभने शरीर नै नभएको भए दुःख हुँदैनथ्यो। यी आठ प्रकारका दुःखको समूहलाई दुःख सत्य भनिन्छ।

२. दुःख समुदय सत्य—हामीलाई दुःख हुन्छ। ती दुःखका कारणहरू छन्। दुःखको मूल कारण तृष्णा हो। तृष्णा ३ प्रकारका छन्—काम तृष्णा, मोज गर्ने इच्छा भव तृष्णा (बारबार जन्म लिने इच्छा) र विभव तृष्णा (फेरि जन्मै नलिने भन्ने अनैतिककाम गर्ने इच्छा) तृष्णाले गर्दा नै मानिसहरूमा सन्तोष हुँदैन। लोभी व्यक्तिको मनमा कहिल्यै आनन्द हुँदैन। उसको जस्तै मेरो पनि भए कति हुन्थ्यो, कसरी उ जस्तै बन्ने होला आदि चिन्तना र कल्पना गर्दा गर्दै सधैं मन असन्तोष भइ-रहन्छ। त्यसैले जति पनि दुःख भइरहेका छन्, त्यसका मुख्य कारण नै तृष्णा हो।

३. दुःख निरोध सत्य—दुःखका कारण त थाहा पाइयो, अनि त्यो कारणलाई हटाउन पनि सकिन्छ जसले गर्दा दुःखको नै अन्त हुनेछ। यसरी दुःखलाई निर्मूल पार्ने उपाय खोज्नु नै दुःख निरोध सत्य हो।

४. दुःख निरोध गामिनी प्रतिपदा सत्य—दुःख हटाउनका लागि दुःखको कारणलाई जरैदेखि उखेलेर फाल्नु पर्छ भन्ने कुरो पनि हामीले थाहा पायौं। तर थाहा मात्रै पाउँदैमा दुःख हट्छ त? अवश्य हट्दैन। त्यसको लागि उपाय खोज्नु पऱ्यो। काम गर्नुपऱ्यो। त्यो उपाय हो, आर्यअष्टाङ्गिक मार्ग (आठवटा उत्तम मार्ग)। यी ८ वटा उत्तम मार्गहरू यसरी छन्—



Downloaded from http://www.dhamma.digital

(१) सम्यक् दृष्टि=ठीक तरिकाले बुझ्ने,
(२) सम्यक् संकल्प=ठीक तरिकाले संकल्प गर्ने
(निस्वार्थी बनी संकल्प गर्ने),
(३) सम्यक् वचन=ठीक तरिकाले कुरा गर्ने,
(४) सम्यक् कर्मान्त=ठीक तरिकाले काम गर्ने,
(५) सम्यक् जीवन=ठीक तरिकाले जीवन यापन गर्ने
(निर्दोषी भई जीवन यापन गर्ने)
(६) सम्यक् व्यायाम=ठीक तरिकाले उत्साह गर्ने,
(७) सम्यक् स्मृति=ठीक तरिकाले होश राख्ने,
(८) सम्यक् समाधि=ठीक तरिकाले ध्यान गर्ने।

हामीले यो आठवटा आर्य मार्गलाई राम्ररी बुझी सो अनुसार जीवन यापन गर्न सक्यौं भने हामी दुःखबाट मुक्त भई साँच्चिको बुद्ध अनुयायी हुन सक्छौं।

संक्षिप्तमा बुद्धको सिद्धान्त यति नै हो। यसरी विचार गर्ने हो भने आत्मा छ-छैन, पुनर्जन्म छ-छैन, ईश्वर छ-छैन आदि बारे चिन्तन मनन गरिराख्नु बुद्धिमानी होइन। यसरी कराइराख्ने जीवन सम्यक् जीवन हुन सक्दैन। आर्यअष्टाङ्गिक मार्ग र चतुआर्य सत्यको अध्ययन अनुसार हामीले यो बुझ्न सक्छौं, "बुद्ध शिक्षाले हामीलाई सधैं होश राखी सतर्क बन्ने ज्ञान सिकाउँछ। यसमा अन्धविश्वास र मिथ्या दृष्टि, शोषण, अन्याय अत्याचारलाई स्थान छैन। स्वार्थी र शोषण गर्ने बानी नै दुःखको कारण हो। अनि दुःख मन नपरे पनि दुःख नै हुनेछ र संघर्ष हुनेछ।

यसरी विचार गर्दा बुद्धको सिद्धान्त नै सुखमय जीवनको उपाय जस्तो लाग्छ। यही कुरालाई बुझी उपतिस्स स्रोतापन्न भयो। यसरी छिटो ज्ञान बुझ्न सक्ने क्षमताको कारण नै उपतिस्सको बुद्धिमता र प्रज्ञाको चिन्ह हो। उसले बुद्धलाई कसरी चिन्यो त ? यसको उत्तर हो—उपतिस्सले दुःख छ, दुःखको कारण पनि छ अनि दुःखको कारण अर्थात् हेतु निर्मूल गर्ने उपाय बताउनु हुने व्यक्ति बुद्ध एक मात्र हुनुहुन्छ भनेर बुद्धलाई चिन्यो। उसले बुद्धलाई एक मोक्षदाता र बरदान दिने देवताको रूपमा होइन बरू एक शुद्ध मार्ग प्रदर्शकको रूपमा चिन्यो। उपतिस्सले सबै कुरो राम्ररी बुझेर मात्र बुद्धको सिद्धान्तलाई ग्रहण गरेको हो। बुद्धको सिद्धान्त बुझेपछि उपतिस्स निन्द्राबाट ब्युँझेको व्यक्ति जस्तै भई सबै वास्तविक कुरो बुझी रमाउँदै आफ्नो साथी कोलित-लाई आफूले प्राप्त गरेको ज्ञान सबै बताए। कोलितले पनि उपतिस्सबाट त्यति ज्ञानको कुरो सुनेर बुझ्ने बित्तिकै स्रोतापन्न भयो। अनि उनीहरूको गुरु सञ्जयले रोक्दा रोक्दै पनि २५० जवान साथीहरूका साथ उपतिस्स र कोलित दुबै बुद्धकहाँ पुगे। अनि उनीहरू दुबैजना उपतिस्स र कोलितबाट क्रमैसँग सारिपुत्र र मौद्गल्यायनको नामले बुद्ध शासनमा अग्रश्रावकहरू बने।

सारिपुत्र भिक्षुले बुद्धको सिद्धान्तलाई कसरी बुझ्यो भन्ने घटनाले पनि हामीले बुद्ध र उहाँको सिद्धान्तलाई बुझ्न सक्छौं। यसरी बुझे जस्तै व्यवहारमा पनि प्रयोग गरी जीवन सफल र सुखीमय बनाउनका लागि सधैं प्रयत्नशील हुनुपरेको छ। यति गर्न सकेमा मात्र हामी बुद्धको सिद्धान्तलाई साँच्चिकै बुझेका व्यक्ति हुन सक्दछौं।

★★★

---

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य—

क्र. सं. २१७

अनगारिका अनोजा
धर्मकीर्ति बिहार
रू. १०१०।–



Downloaded from http://www.dhamma.digital

# स्वयम्भूको मेला बुद्धिष्टहरूको हेला

– धर्मराज तामाङ्ग

ऐतिहासिक कालमा नागदहबाट नेपाल उपत्यकाको उत्पत्ति गराएको इतिहास बोल्दैछ भन्ने कुरा यहाँ दोहऱ्याई रहन नपर्ला। सत्ययुगमा विपश्वी नामकले बोधिसत्व (बुद्ध) नागर्जुनको डाँडामा निवास गरी चैत्रशुक्ल पूर्णिमाको दिन यस दहको बीचमा कमलको बीज रोपेछन्। ६ महिना-पछि असोज शुक्ल पूर्णिमाको दिन उक्त कमलको फूल उत्पन्न भै फूलको माझमा भगवान् स्वयम्भूको ज्योति देखिन थाल्यो। त्यसै दिनको सम्झनाले यहाँ नामदुङ ङ्चा (चैत्र पूर्णिमा) को दिन स्वयम्भूमा मेला लाग्ने चलन धार्मिक परम्परा आजसम्म छँदैछ।

**नागदहको जल निष्काशन–**

त्यसपछि त्रेतायुगमा महाचोनबाट मञ्जुश्री बोधिसत्व यहाँ आएर नगरकोटमा बसी स्वयम्भू ज्योतिको दर्शन गरे। फुलोच्च गिरी (फुलचोकी) र ध्यानोच्च गिरी बिचको पहाड काटी नागदहको जल निस्कने बाटो बनाए जसलाई आजकाल चक्रतीर्थ भन्दछन्। मञ्जुश्री बोधिसत्वले नागदह-को जल निकाल्ने शुभ कार्य गरेको कुरा इतिहासले बताइरहेको छ।

यीनैले कार्तिक शुक्ल पूर्णिमाको दिन स्वयम्भूको र पौषकृष्ण नवमीको दिन गुह्यश्वरीको स्थापना गरी मञ्जुपतन नामको एउटा शहर बसालेको हो भन्ने कुरा इतिहासले देखाएको छ। २०५२ साल २१ गते चैत्रशुक्ल पूर्णिमाको दिन लागेको स्वयम्भूको मेलाले पनि यही कुरा दर्शाउँछ। परम्परानुसार सबै नेपाली यात्री बाल, वृद्ध, नर, नारी, भक्तजनहरू एवं अन्य देश विदेशबाट आएका तीर्थयात्रीहरू उक्त मेला हेर्न र भगवान् स्वयम्भूको दर्शनको निम्ति पनि उपस्थित भएका थिए। वर्षदिनको अन्तरालमा नेपाल अधिराज्यका टाढा टाढादेखि धर्म र संस्कृतिमा विश्वास राख्ने श्रद्धालु भक्तजनहरू आत्म शान्तिका लागि परम्परादेखि नै बौद्ध धर्मावलम्बीहरूमा तामाङ जनजातिहरू यस स्थानमा आएर सत्व-प्राणी विश्व शान्तिका लागि धर्मशास्त्र विधिनुसार छोग (पाठ पूजा) गर्नुका साथै पितृ मुक्तीका लागि पनि ङो मोलाम (श्राद्ध) गर्ने चलन सर्वविदितै छ।

महामानव शान्तिका अग्रदूत भगवान् बुद्धको जन्मभूमि भएको हुनाले यस पुण्यभूमी नेपाल उपत्यकाको उच्च शिखर नै स्वयम्भू भएको देखिन्छ। विश्वका कुनै पनि देशबाट घुम्न वा दर्शन गर्न आउने दर्शक यात्री पर्यटकहरूका लागि यहाँ स्वास्थ्यसेवा, पिउने पानी, शौचालय कुनै व्यवस्था छैन। त्यसको साटो बरू फोहर, मैला वातावरण भने कमी छैन। यस पुण्यभूमी स्वयम्भू-मा तीर्थयात्रीहरूका लागि सोको व्यवस्था हुनुपर्ने दर्शनार्थीहरूको राय देखिन्छ।

**स्वयम्भूप्रति सरकारको बेवास्ता–**

समाजवादी देश चीनमा पनि शान्ति र न्यायको आधारमा शासन गरेको छ। तर विडम्बना यो छ, स्वयम्भू जस्तो धार्मिकस्थल भगवान् पाउ वरीपरी दिनमा सयौं–सयौं पशु प्राणीको ज्यान हत्या जस्ता जघन्य अपराध र हिंसात्मक कार्यहरू भैरहेका छन्। यस्ता अशुभ कार्यहरूलाई हटाउने तर्फ ध्यान दिनुपऱ्यो।



Downloaded from http://www.dhamma.digital

**वडाको गतिविधि–**

तिन दशकसम्म पञ्चायती कालरात्री शासकको पालामा पनि स्वयम्भू क्षेत्र भगवान् पाउ वरीपरी पशु, राँगा, भैंसी बिक्री वितरण गर्न मनाही गरिएको कुरा सर्वविदितै छ । तर बहुदल सरकार उदय पश्चात् यो क्षेत्र प्रदूषित वातावरण धन, ज्यानको खतरा असुरक्षित एवं अव्यवस्थित देखिएको छ । यस तर्फ कुनै पाइला चालिएको छैन । यस तर्फ सरकारको ध्यान जावोस् भन्ने आग्रह गर्दछु ।

**बुद्धिष्ट धर्मस्थलको अपहेलना–**

श्री ५ को सरकारले गा. वि. स. तथा वडालाई गरेको अधिकार प्रत्यायोजन अनुसार जिम्मेवारी वहन नगरेको दर्शकहरूका सामु प्रतिबिम्बित छ । बौद्ध धर्मावलम्बिहरूको परम्पराको मान्यता रहिआएको प्रतिक भूइखेलस्थित भगवान् पाउ परोपकार संगैको फोहर पोखरीको माझमा छ्योर्तेन (चैत्य चिवाल) राखिएकाले सो चैत्य यहाँ हिरासतको कैदी झैं भएको छ । यस्ता धर्म विरुद्ध अपराधी कार्य दिनप्रति दिन बढ्दै गैरहेको छ र पनि बौद्ध धर्मावलम्बिहरू संयमित भएर सुधारको अपेक्षा गरिरहेका छन् ।

यस्ता अनैतिक व्यवहारको विरुद्धमा जबसम्म चेतनशील समाज मानवअधिकार कानून द्वारा प्रदत्त मानवअधिकारवादीहरू आफ्नो धार्मिक, आर्थिक सामाजिक सांस्कृतिक एवं राजनैतिक विकास गर्न सक्षम हुँदैनन् तबसम्म तेल पेलेको पिना झैं पेलिएरै रहनु पर्नेछ ।

**बुद्धिष्टहरूको परम्परा संस्कृति लोप गराउने दुष्प्रयास–**

बौद्ध धर्मावलम्बी समाजको मौलिक संस्कार मात्र नभै क्रमशः सभ्यता संस्कृति जातियता समेत नष्ट नहोला भन्न सकिंदैन । तसर्थ यस कार्यक्षेत्रका लागि नेपाल तामाङ घेदुङ, आनन्दकुटी विहार, धर्मकीर्ति विहार, धर्मोदय सभा अन्य बौद्ध संघ संस्थाहरूले पनि यस सत्य घटनामा आधारित धार्मिक सम्पदालाई समयमै संरक्षण एवं सम्बर्द्धनका लागि लामा, भिक्षु र युवापिढीहरू सम्पूर्ण वडावासीहरूको तत्कालै यस तर्फ ध्यान आकर्षण गर्न चाहन्छु ।

★★★

# अनाथको कहानी

– हरिकृष्ण श्रेष्ठ, धरान–१२

फूल त्यसै फूल्दैन जाहाँ हावापानी चाहिन्छ
मानिस त्यसै सभ्रिन्न त्याहाँ शिक्षाको
आवश्यक पर्छ

हेर्ने जान्ने मौन छ
वेवारिसे बच्चा बच्ची बिग्रीरहेछ
कसले उसलाई शिक्षा दिने
कसले उसलाई विकाश गरिदिने ।

थोत्रा प्लास्टिक टिन खोजी
गल्ली गल्ली चाहर्दछ
कहिले हुन्छ ५।– रू. त कहिले सुन्ने
कहिले खाना पाउँछन् कसरी जीवन धान्ने

कस्तो स्वार्थी छ ति आमा
कस्तो स्वार्थी छ ति बाबा
कस्तो स्वार्थी छ तिनको परिवार
आफ्नै मात्र स्वार्थ पूरा गर्छन् ।



Downloaded from http://www.dhamma.digital

# सम्राट अशोक महान र लुम्बिनी अशोक स्तम्भ

– आनन्द प्रधान, मैतीदेवी

नेपाल आमाकी वरदपुत्र सिद्धार्थ गौतम बुद्धको जन्मस्थान लुम्बिनी र अशोकस्तम्भ मानव मात्रको आस्था, श्रद्धा, भक्ति, विश्वास र एकताका प्रतिकका साथै पवित्र धार्मिकस्थल पनि हुन्।

राजकुलमा जन्म लिएर पराक्रम देखाउने, चक्रवर्ति सम्राट बन्ने राजामहाराजाहरूले इतिहासको पृष्ठ भरेको पाइए तापनि धार्मिक दृष्टिकोणबाट लोक कल्याणकारी कार्यमा समर्पित भएर अतुलनीय योगदान पुऱ्याउने राजामहाराजाहरूमा भने सूर्यवंशी शाक्य राजकुमार सिद्धार्थ गौतम र मौर्यवंशी सम्राट अशोक महानको नाम अग्रपक्तिमा आउने मात्र नभै कहिल्यै पनि नमेटिने इतिहास प्रसिद्ध नामहरू हुनभन्दा समीचीन हुन जाने छैन।

**सम्राट अशोकको मंगलकारी कार्य :–**

अशोकले (ई. पू. २६५) राज्यारोहण गरे पछि विशाल साम्राज्य भित्र प्रजाहरूको हितलाई ध्यानमा राखेर यातायातको सुविधा पुऱ्याउन सडकको निर्माण गर्न लगाए। सडकका दाँया बायाँ रूखहरू रोप्न लगाए। रोगी मानिस तथा पशुपंछी औषधी उपचारको निमित्त चिकित्सालयहरू स्थापना गर्न लगाए। पेयजलको निमित्त कुँवा इनार खन्न लगाए तथा विश्रामगृहहरू निर्माण गर्न लगाए। यति मात्र नभै राजा र प्रजा बीचको सम्बन्ध प्रगाढ र सुमधुर बनाइराख्न राजप्रासादको ढोका सबैको लागि खुला राखे। कसैलाई अन्यायमा पर्न दिएनन्।

**पश्चाताप र संकल्प :–**

कलिङ्ग राजासित सम्राट अशोकको सम्बन्ध राम्रो नहुनाले कलिङ्ग राज्य माथि चढाई गर्ने उद्देश्यले कलिङ्ग राजा विरुद्ध (ई. पू. २५७) लडाइँ छेडे। लडाइँमा दुबै तर्फका निरीह सेनाहरू रक्तपात र हताहत भएको हृदय विदारक दृश्य देखेर जीवनमा कहिल्यै पनि युद्ध नगर्ने दृढ संकल्प गरे।

**धर्मको शरण र प्रचार प्रसार :–**

युद्धको विभीषिकाले पिरोली रहेको मनलाई शान्त पार्न र उच्चतम जीवन निर्वाह गर्न अशोकले गौतम बुद्धद्वारा प्रतिपादित शाश्वत सत्यमा आधारित एक मात्र बुद्ध धर्म उपयोगी ठानी निग्रोध नामक भिक्षुसित सल्लाह लिएर बुद्ध धर्म ग्रहण गरे। बुद्ध धर्ममा दीक्षित भएर अनुयायी भएपछि बुद्ध धर्मलाई व्यवहारमा उतारिए अर्थात् जनमुखी भएर राज्य संचालन गर्नुभयो। बुद्ध धर्मलाई टाढा टाढाको मुलुकहरूसम्म विस्तार गर्न व्यापक प्रचार प्रसार गर्ने उद्देश्यले भिक्षुहरूलाई सम्मिलित गराई बुद्ध धर्म प्रचारक संघको स्थापना गरे र विभिन्न मुलुकमा प्रतिनिधि मण्डल पठाए।


प्रजाहरूमा धार्मिक भावना जगाउन, बुद्धले अवलम्वन गरेको बहुजनहित, सत्य, शान्ति र अहिंसा नीतिलाई मूल मन्त्रको रूपमा लिन र दैनिक व्यवहारमा उतार्न आग्रह गरे। याहाँसम्म कि पशु–पंछी बलि दिन र काटेर खान समेत



Downloaded from http://www.dhamma.digital

प्रतिवन्ध लगाए। ठाउँ–ठाउँमा शिला स्तम्भहरू स्थापना गर्न लगाए। आफूद्वारा घोषणा गरिएका कुराहरू ती शिला स्तम्भहरूमा कुँदन लगाए। तिनै शिला स्तम्भहरू मध्येका लुम्बिनी अशोक स्तम्भ पनि एक हो।

**लुम्बिनी अशोक स्तम्भ अभिलेख :–**



**देवनागरी रूपान्तर :–**

देवानं पियेन पियदसिन लाजिन वीसतिवसाभिसितेन
अतन आगाच महीयिते हिद बुधे जाते सक्य मुनीति
सिला विगडभीचा कालापित सिलाथभेच उसपापिते
हिद भगवं जातेति लुमिनिगामे उवलिकेकटे
अठ भागियेच

**संस्कृत अनुवाद :–**

देवानं प्रियेण प्रियदर्शिना राजा विंशनि वर्षाभिषिकेन
आत्मना आगाय महीयितम इह बुद्ध : जात : शाक्यमुनि इति।
शिलाविकटभित्तिका च कारिता शिला स्तम्भ : च उत्थापित :
इह भगवान जात : इति। लुम्बिनो ग्राम : उदवलिका कृत :
अष्ट भागी च

**नेपाली अनुवाद :–**

बीस बर्षदेखि अभिषिक्त देवप्रिय प्रियदर्शी राजा
स्वयम आएर (स्थानको) गौरव गरे याहाँ शाक्य मुनी बुद्ध जन्मनु भएको थियो
ढुंगाको बलियो गारो (भित्ता) लगाए शिला स्तम्भ खडा गरे
याहाँ भगवान जन्मनु भएको थियो लुम्बिनी गाउँलाई भूमि करबाट (तिरो) मुक्त गरे
अष्ट भागी बनाइ दिए

Downloaded from http://www.dhamma.digital

सम्राट अशोक आफ्नो राज्याभिषेक भएको बीसौं वर्षमा ई. पू. २४५ तिर लुम्बिनी आएर गौतम बुद्ध जन्मनु भएको थलो हेरेको त्यस ठाउँको गरिमा बढाएको शिला स्तम्भमा माथिका कुरा कुँदन लगाएर ठड्याई त्यसको वरीपरी बलियो ढुंगाको गारोले घेर्न लगाएको तथा भगवान बुद्ध जन्मिएको पवित्र स्थल भएकोले त्यस लुम्बिनी क्षेत्रका प्रजाहरूले अघिदेखि बुझाउँदै आएको भूमिको तिरोमा कटौती गरी आठ भागको एक भाग मात्र तिरो बुझाउनु पर्ने थीति बसालेर गएको कुरो माथि अभिलेखमा उल्लेख गरेको पाइन्छ ।

**अभिलेखका लिपि तथा भाषा :–**

सम्राट अशोकद्वारा विभिन्न स्थानहरूमा स्थापना गरिएका शिला स्तम्भहरूमध्ये तौलीहवा स्थित निगाली सागर शिला स्तम्भ अभिलेख आफूले राज्यारोहण गरेको १४ वर्षमा त्यस्तै लुम्बिनी शिला स्तम्भ अभिलेख राज्यारोहण गरेको २० वर्षमा र लौडिया नन्दन गढ शिला स्तम्भ अभिलेख राज्यारोहणको २६ वर्षमा स्थापना गर्न लगाएको र ती तीनैवटा अभिलेखको लिपि तथा भाषाको प्रयोग बारे अध्ययन गर्दा मिल्दो जुल्दो पाइएकोले ती लिपि तथा भाषा उत्तर भारतमा र पटना मगधराज्यमा मौखिक तथा लिखित रूपमा मनको भाव व्यक्त गरिने तत्कालिन समयका बहु प्रचलित लिपि तथा भाषा रहेछ भन्ने कुरा तिनै शिला स्तम्भ अभिलेखहरूले बताउँदछ ।

यसरी गौतम बुद्ध जन्मनु भएको स्थान लुम्बिनी हो भनेर ठोस प्रमाण दिन सक्ने पुरातात्विक तथा ऐतिहासिक उभय दृष्टिकोणबाट अति नै महत्वको एउटै लुम्बिनी अशोक स्तम्भले कुनै पनि शंका उपशंका तथा बादविवादबाट मुक्त राख्दै आएको तेईस वर्ष भैसकेको छ ।

समयको गतिशील प्रवाह सँग सँगै अतीतका गर्भमा विलीन भैसकेका तथा लुप्त प्रायः अवस्थामा पुगेका त्यो समयको मानव समाजले उपयोगमा ल्याएका ढुंगा, माटो, हाड, काठ तथा धातुबाट निर्मित पुरातात्विक महत्वको मूर्ति र चित्रकला कृति, शिला स्तम्भ, ताम्रपत्र, ताडपत्र, काष्ठफलक भूजापत्र, हातहतियार, मुद्रा, भाँडाकुँडाहरूले आजीविकाका उपाय, खानपान, रहनसहन, भेषभूषा, भाषा, लिपि, धर्मकर्म, रीतिथीति, परम्परागत सामाजिक धारणा र विश्वास भौगोलिक सीमा तथा परिवेश, राजनैतिक, प्रशासनिक, आर्थिक र सामाजिक अवस्था के कस्तो थियो भनेर केही न केही तथ्य सत्य कुरा प्रकाश पार्ने भएकोले ती वस्तुहरू मानव सभ्यताको क्रमिक विकासको महत्वपूर्ण सोपानका ज्वलन्त प्रमाणहरू हुन् । अर्को शब्दमा भन्ने हो भने आजको विज्ञान र प्रविधिको अभूतपूर्व विकासको युगमा प्रवेश गरेका चेतनशील मानव समाजलाई आफ्नो पूर्व पुरुषहरूको दिनचर्या बारे जानकारी गराउने त्यो पुरातात्विक कालदेखि यो वर्तमान कालसम्मको एउटो लामो अन्तराललाई जोडेर मानव सभ्यताको क्रमिक विकासको तुलनात्मक अध्ययन गर्न सघाउ पुऱ्याउने ती पुरातात्विक वस्तुहरू सशक्त र अकाट्य प्रमाणहरू हुन् । अतः उत्खनन् कार्यबाट प्राप्त विकृत तथा भग्न अवस्थामा फेला परेका कुनै पनि वस्तुहरू पुरातात्विक तथा ऐतिहासिक महत्वका वस्तुहरू राष्ट्रकै श्री र गौरव अभिवृद्धि गर्ने राष्ट्रिय निधि समेत भएकोले त्यस्ता वस्तुहरूलाई व्यवस्थित तरिकाले संरक्षण गर्न र साधारण



Downloaded from http://www.dhamma.digital

दर्शक वर्गलाई हेर्ने तथा पुरातत्वविद, भूगर्भशास्त्री, समाजशास्त्री, इतिहासकार, लिपि तथा भाषाविद जस्ता विषय विशेषज्ञ र शोधकर्ता विद्यार्थीहरूको निमित्त हेर्न, अवलोकन, अध्ययन र अनुसन्धान गर्न प्रदर्शन गरेर राखिनु वाञ्छनीय छ ।

बुद्ध धर्मका प्रवर्तक, संस्थापक, संरक्षण तथा आदि गुरु गौतम बुद्ध र लुम्बिनी स्थललाई शिला स्तम्भ अभिलेख माध्यम विश्व समक्ष परिचय गराउने काममा सम्राट अशोकले जस्तो किसिमको प्रशंसनीय कार्य गरे त्यसको निमित्त सम्पूर्ण श्रेय उनैलाई नै जान्छ ।

यो प्रकृतिको नियम हो कि जुन व्यक्तिले जुन क्षेत्रमा उत्रेर जस्तो किसिमको प्रतिभा देखाउँछ । यस अर्थमा भन्दा इतिहास कहिल्यै नमेटिने एउटा अविस्मरणीय घटना हो ।

**शन्दर्भ साहित्य श्रोत :–**

१. कादम्बिनी (हिन्दी मासिक प्रकाशन) बर्ष २९, अंक ८, जून १९८९.

२. प्रकाश बज्राचार्य, बुद्ध र बुद्धपछि (प्रथम संस्करण) बि. सं. २०४८.

३. प्रभात मजुमदार, भारतके प्राचीन अभिलेख, भारत ।

४. भूवनलाल प्रधान, लुम्बिनीको संक्षिप्त इतिहास धर्मकीर्ति (बौद्ध मासिक पत्रिका) पूर्णाङ्क ७४, बैशाख २०४७.

५. राजवली पाण्डे, एम. ए., डि. लिट. विद्यारत्न, अशोकको अभिलेख, पृ. १८९, भारत ।

★★★

# सुख गन दु ?

– बासुदेव देशार
ज्योति विहार, चम्पापुर, यल

सुख, सुख, सुख
गन दु सुख ?
न्ह्यपुइ वइ थ्वहे छगू प्रश्न
कोला कुबिया पिहाँ बना
सुख तया हये धका
शहरे च्वंम्ह साहुजीयाके न्यना
छित: सुख गुलि दु ?
साहुजि धाल– गनं दइ बाबु सुख ?
मती वल हानं मन्त्रीयात दइला
मन्त्रि धाल– अहो ऽऽऽ सुख ! सुयात सुख ?
गाँ, निगमे न्यँकं चा:हिला
सुख माला हये धका
तर माला हये मफु
खालि कोला ज्वना लिहाँ वया
न्यना तंगु दु जि नं
सुखया लंपु बुद्धं क्यना बिज्याना त:गु दु धका
अले जि नं निश्चय याना
बुद्धं क्यना बिज्याना त:गु
मध्यम मार्ग अपने यायगु
मध्यम मार्ग अपने यायाँ
विपश्यना भावना नं यायाँ
विस्तारं अनित्यवादी संसारयात म्हसीका
अले तिनि जि वास्तविक सुख अनुभव याना
अले तिनि सीका सुख गन दु धका ?

★★★



Downloaded from http://www.dhamma.digital

# डा. रेवत धम्म भन्तेनापं घौ पलख

डा. मित्र सुशोभन

खँ वंगु शुक्रबार माघ ४ गते २०५३ या खः। धर्मकीर्ति विहारपाखें जित फोन वःगु दु। लण्डनं रेवत भन्ते अन बिज्याना च्वंगु दु। विहारे छको बिज्याहुँ धाल। उकुन्हु जि अफिसं भचा न्हापां हे पिहाँ वया। अनं धर्मकीर्ति विहारया मू लुखां तप्यंक दुहाँ वना। संध्याया खुता ई। छपुचः अनगारिका गुरुमाँपिं बुद्ध प्रतिमाया न्ह्योने गौरव-पूर्वक फेतुना, प्रदीप पूजायां ल्यू गुल्लः तुक्क परित्राण पाठ याना च्वना बिज्यागु स्वया। अनंलि मातं तल्लाय् थाहाँ वना। धम्मवती गुरुमाँ नापलात। वन्दना गुरुमाँ, जि रेवत भन्ते नापला वयागु धया।

कोथाय् दुने खाताय् शान्त स्वभावम्ह, तःधिसे व ल्होंसे च्वंम्ह डा. रेवत महास्थविर भन्तेयात दर्शन याना धया– "भन्ते सादर वन्दना" वन्दना याय् धुंका छखेलिक्क फेतुना। थःगु मने च्वंगु खँ अंग्रेजी भाष प्वंका–

यक्को दँ लिपा भन्तेजुं नेपाः लुमंका थन बिज्यात। जिमित बिचाः या बिज्यात। जिपिं साप लय्ता। भन्तेयात म्हंफुलाथें? थुगुसी गन, गन चारिका याय् धुंका थुखे काठमाडौंस थ्यंक बिज्यागु जुइ धका न्ह्यसः तया।

वस्पोल रेवत भन्तेजुं मुसु-मुसु न्हिला थःगु धर्मयात्राया खँ छत्वाचा कनालि थनं लण्डने वनेमानि धया बिज्यात। वस्पोलं हानं धया बिज्यात– थुगिस थन नेपाः वया थनया थकालि भन्तेपिं अनिरुद्ध महास्थविर, बुद्धघोष महास्थविर, अश्वघोष महास्थविर, ज्ञानपूर्णिक महास्थविरपिं व मेमेपिं भिक्षुपिं, (भिक्षुणोपिं) अनगारिकापिं, उपासक-उपासिकापिं नापलाना नेपाले स्थविरवाद बुद्धशासनया वर्तमान अवस्था बारे यक्कों खँ सीके खन धया बिज्यात। अले हानं थनया धार्मिक भविष्यया बारे च्यूता खँ भचा नं प्वंका बिज्यात।

थ्वहे विषययात कया जिगु थःगु बिचाः छगू–निगू नं वस्पोल भन्तेयात बिन्ति याना।

रेवत भन्तेजुं धया बिज्यात– भविष्ये आयुष्मान भिक्षु सुगन्ध व आयुष्मान भिक्षु शीवली पिनिपाखे नेपाले बुद्ध शासनया महत्वपूर्णगु ज्या–खँय् आपालं तिबः जुइतिनि धैगु आश्वासन बिया बिज्यात। उपिं थाइल्याण्ड व श्रीलंकाय् तःदँ च्वना बुद्धशासनया ज्या–खँ यक्को सय्का, सीका मेपिन्त तक्कं बोध याना वये धुंकूपिं खः। आः नं हानं बिद्यावारिधि तगिया उच्च शिक्षा अध्ययन याना च्वंगु दु। उमीगु शील–स्वभाव बाँला जू धया बिज्यात।

वस्पोल रेवत भन्ते नं थःगु च्यूता खँ प्वंका हानं थथे धया बिज्यात–

छुं दँ न्ह्यो थनच्वंपि स्वम्ह-प्यम्ह ब्वना-तःपिं ल्याय्म्हपिं भिक्षुपिसं चीवर वस्त्र तोता गृहस्थ जूवन खनि। श्रामणेर जूपिं फुक्कं हे आजीवन प्रव्रज्जित जुया वनि धकाला आशा काय् फुगु मखु। तर छिम्ह श्रामणेर जूपिं मध्ये स्वम्हति जक ल्यंसा यक्को बाँला। थुकथं बिचाः याय्मा धका थःगु मंतुना खँ भचा चीसः याना धया बिज्यात।

थथे हे अनगारिकापिनिगु बारे वस्पोलं धया बिज्यात– अनगारिकापिंला मचा–मचापिं छपुचः खनेदु।



Downloaded from http://www.dhamma.digital

जित तप्यंक स्वया थथे नं वस्पोलं धया बिज्यात– चीवर वस्त्र तोता गृहस्थ जूवने धुंकु-पिसं बुद्धशासनया भविष्य बारे भचा च्यूता काय्‌माल । थकालिंपि भन्तेपिं नापलाना बराबर सहलह ब्याका यंकेमाः । सुशोभनयात थ्व खँ धया च्वने मालिथें मता !

जि लिसले, खः भन्ते थुखेपाखे जिमिसं नं ध्यान तय्‌माःगु अवश्यं खः । ध्यान बियानं च्वनागु दु । तर खास सेवा धाःसा छुं याना केने मफूनिगुलिं अपशोच नं जू धया ।

थथे थुथाय्‌लाक्क रेवत भन्तेनं छगू अतिकं महत्वपूर्णगु खँ उजं थथे दय्‌का बिज्यात–

प्रत्येक बौद्धपिसं न्ह्यागु ज्या–खँ यासां व सुया लागी व छुया लागी याय् त्यनागु खः धैगु बारे स्वंगू तःहःकथं थथे बिचाः याय्‌मा धया बिज्यात–

(क) थःगु व्यक्तिगतया लागी ?
(ख) बौद्ध संघया लागी ? वा
(ग) सम्पूर्ण बौद्ध जगतया हितया लागी ?

थुकथं बिचाः याना ज्या–खँ याना यंके फत धाःसा नेपाले बुद्धशासनया भविष्य गाक्कं उज्ज्वल जुइगु उजं दय्‌का बिज्यात ।

खँ ल्हा–ल्हां लुम्बिनी व बुद्धगयाया प्रशंग वल । अनया बारे वस्पोलं धया बिज्यात– थी थी देश–विदेशया न्हू–न्हूगु बुद्ध विहार खनेदया वोगु दु । थ्व जूगु बाँहे ला । तर थ्व स्वयानं बाँलागु ज्या उबले जुइता गुबले स्थानिय जनतापिसं बुद्ध धर्मपाखें प्रत्यक्ष लाभ याना काय् फै । बुद्ध धर्मया महत्व उमिसं थुइ । अले बुद्ध धर्मे अचल श्रद्धादुपिं जुया क्यनी । अथे जुलकि तिनि भगवान् बुद्धया धर्म धात्थें प्रचार जुल धाय् बहः जुइ । बिच्चे शान्ति कायम याय्‌गु ज्याय् थुकिं गाक्कं तिबः नं जूवनि ।

भचा जाय्‌का जि घडि छक्वो पुलुक्क स्वया । सन्ध्याया ठीक ७.३० ताः ई जुइ धुंकल । भन्ते नाप छघौ त्या ई नापं च्वना खँ ल्हाय् धुंगु जुल । वस्पोलयात आराम काय्‌के नं बी माल नि धैगु मनं भन्तेया अमूल्यगु सुझावयात सिरोपर याना धन्यवाद बिया, वन्दना याना, बिदा कया, जि थःगु हे ॐबहाले लिहाँ वया ।

लँय् न्यासी व–वं वस्पोल तथागत सम्यक् सम्बुद्धया श्रावक शिष्यपिनिगु गुण लुमंकु, लुमंकुं वया । धन्य खः वस्पोल डा. रेवत महास्थविरया शील स्वभाव गपायसकं बाँलागु । नेपाःया बौद्ध-पिनिप्रति व स्थविरवाद बुद्ध धर्मप्रति गुलि दुग्यंगु च्यूता व बिचाः दुगु वस्पोलया । धात्थें महाकारु-णिक भगवान् बुद्धया शिष्यपिंके गुलि करुणा दु, बुद्धशासन चिरस्थायीया निंति गुलि दुग्यंगु च्यूता दु धैगु खं छर्लङ्ग जुया मने लुया वयातुं च्वन । वस्पोलथें जाम्ह विद्वान धर्मकथिक महास्थविर भन्तेजू क्वथाय् नेपाले बिज्यागु, क्वी सम्पूर्ण नेपाःमिपिन्त हे भिं जू, हानं हानं वस्पोलथेंजापिं भन्तेपिं क्वथाय् बिज्याके फय्‌मा धैगु मनंतुना थ्व लेख छत्वाचा थनतुं क्वचाय्‌कागु जुल । अस्तु ।

(डा. भिक्षु रेवत वर्मायाम्ह खः । भारतेे वया धर्म प्रचार यायां आः लण्डन व अमेरिकाय् बुद्ध धर्म प्रचार याना च्वंम्ह खः । –सं०)

★★★



Downloaded from http://www.dhamma.digital

## थःहे थःम्ह नाथ

– बेखारत्न शाक्य, यल

राग द्वेष व मोह दुगु,
बुद्ध-धर्म कीगु मखु ।
स्वैतं कीसं बदला कायगु,
ध्वनं बुद्धया धर्म मखु ।

लैंया प्वाकः लैंनं हे म्हुइगु,
उखान कीसं न्यनागु दु ।
थःत भिकेत थःम्हं हे यायगु,
बुद्धया बचने कना तःगु दु ।

अबु द्वंका वंगु ज्या-खँय्,
कीसं द्वंक छाय् यायेगु ?
कीत माःगु भिगु ज्या-खँय्,
कीपिं लिचिला छाय् च्वनेगु ?

थ्व खँ कीसं अनुशरण याना,
बुद्धया शरणे की वनेनु ।
त्याग तपस्या बःलाका च्वनेगु,
थ्वहे खः कीत सुख बीगु ।

अन्तर-हृदयं बुद्ध खंकेगु,
विपश्यना ध्याने की च्वनेगु ।
श्रद्धा चित्त उत्पन्न याना,
थःगु तुतिं थःम्हं चुइगु ।

★★★

## मनुष्य जुया बुद्धयात म्हसिके

– अमृतमान शाक्य
इतुम्बाहाः, ज्ञा. भ. ख.

न्हसलोया जलं
लः फयनं थ्येका म्वाना च्वोंपिं
धर्तिया शिक्षित प्राणी
की मानवपिं ।

कुल धर्म धाधां
नखचख हनि
मनुष्य भाय् मथुपिं
प्राणीया हिंसा याना म्वय् न्याय्की
गुलि नुगः छाःपिं ।

थःत दुःख जूसा दुःख तायेकी
कःकिया दुःखे मन मतइपिं
धन्य धन्य हे मानवपिं
नवाय मसःम्ह द्योपिन्त
कःक्वः धायकीपिं ।

नय मखंपिन्त हुतुमतु हका
गुलि धर्म याः जुइ
धर्मया मर्म थूपिथें
पातापाता सिन्ह तिना जुइ ।

बुद्ध बुद्ध धका हाला जुइ
थः गबले शुद्ध जुइ
पुजाभः जुछी पूजा तया
मचाखाचा खोय्का जुइ ।

यायेमते सुयातं
अन्याय, अत्याचार
बुद्धया वाक्य छ्यला
थःगु नुगले न्हसला तोयेकी
बुद्ध म्हसिकी ।



Downloaded from http://www.dhamma.digital

**२०५३ पौष ६ गते, बोधिचित्त**

बरदेश मानन्धरले कक्षामा उपस्थित गोष्ठीका सदस्यहरू बीच बोधिचित्त विषयमा छलफल गराउनु हुँदै भन्नुभयो– "बोधिचित्त एक गम्भीर विषय हो । बोधिचित्त भनेको बोधिज्ञान लाभ गर्नको लागि प्रयत्नशील रहेको चित्त भएको हुनाले यसप्रकारको चित्त लोभ, द्वेष, मोहबाट टाढा रहेको निर्मल चित्त हो । अर्को अर्थमा भन्ने हो भने बोधिसत्वको स्वभाव भएको चित्त अर्थात् परोपकारी, करुणा र मैत्रीले भरेको चित्त नै बोधिचित्त हो । यसप्रकारको चित्त भएको मानिसले आफ्नो प्रत्येक पाइलामा आफ्नो चित्तलाई संयमित पार्न तत्पर रहन्छ अर्थात् आफ्नो चित्तलाई नचाहिंदो तरिकाले आवेसमा आउन दिंदैन । यसबारे उहाँले उदाहरण दिनु हुँदै भन्नुभयो– "बोधिचित्त भएको मानिसलाई कसैले पिट्न आएमा पिट्न मात्र आयो काट्न आएन भनी चित्त बुझाउने गर्छ । त्यस्तै काट्न आयो भने काट्न मात्र आयो मार्न आएको छैन भनी चित्त बुझाई आफू संयमित हुने गर्दछ ।"

यस दिनको कक्षामा सभापति हुनु भएका इन्द्रमान महर्जनले मानिसहरूले आफू–आफूमा बोधिचित्त जस्तो शुद्ध चित्तलाई विकास गर्नुपर्ने सल्लाह दिनुभयो ।

**बुद्धको मध्यम मार्ग र उत्तम मंगल**

२०५३ माघ ५ गते, यसदिन भिक्षु अश्वघोष महास्थविरले बुद्धको मध्यम मार्ग र उत्तम मंगल बारे प्रवचन दिनुहुँदै भन्नुभयो– ६ वर्षको विभिन्न परिक्षण र सो अनुभव पश्चात् सिद्धार्थ गौतमले प्राप्त गर्नुभएको बोधिज्ञान अति गंभीर भएकोले यस ज्ञानलाई साधारण मानिसहरूले बुझ्न गाह्रो हुने र बुझ्नसके पनि यसलाई व्यवहारमा उतार्न सक्ने हुन् वा होइनन् भन्ने आशंकाले स्वयम् बुद्धको मनमा निराशापन छाएको थियो । तर आफू एक्लैको लागि मात्र बुद्धत्व प्राप्त गरेको नभई संसारका अज्ञानीजनहरूलाई बोध गराउनको लागि बढि ध्यान दिनुभई मध्यम मार्गको प्रचार गर्नुभयो । यसको लागि यी दुई अतिमा नलाग्न सुझाव दिनुभयो ।

१. जीवनलाई सुख र विलासितामा मात्र भुलाउने ।

२. आफ्नो शरीरलाई अति कष्ट हुने गरी जीवन यापन गर्ने ।

यी दुबै अतिलाई छोडी सन्तुलनमा राखी जीवन यापन गर्दै जानुलाई मध्यम मार्ग भन्नुभयो ।

यस्तै बुद्धले ३८ वटा उत्तम मंगलहरू देशना गर्नुभएको मध्ये पाँचवटा मंगलहरूलाई यसरी मनन गर्न सकिन्छ ।

१. राम्ररी अध्ययन गरी विद्वान मात्र भएर नपुग्ने,

२. घरेलु शील्प ज्ञान हासिल गर्ने,

३. राम्ररी तालिम प्राप्त गर्ने तथा घमण्डी नहुने,

४. सुशिक्षित बन्ने,

५. प्रिय वचन बोल्ने आदि ।

★★★



Downloaded from http://www.dhamma.digital

## बौद्ध लेखलाई पुरस्कार

२०५३ पौष २७ गते बौद्ध शिक्षा सम्बन्धि लेखलाई पुरस्कार प्रदान गर्ने उद्देश्यले दिवंगत आशामान ताम्राकारले आफ्नो जीवितकालमा नै खडा गरिएको पुरस्कार रकम उहाँकी धर्मपत्नी गंगादेवी ताम्राकारले संघाराम विहार ढल्कोमा एक समारोहका बीच प्रदान गर्नुभएको समाचार प्राप्त भएको छ। प्राप्त समाचार अनुसार उहाँले विश्वभूमि दैनिक पत्रिकाको तर्फबाट श्री कृष्णकुमार प्रजापति र सन्ध्या टाइम्स् पत्रिकाको तर्फबाट श्री राज जोशी गरी प्रत्येकलाई रु. २५३९।– प्रदान गर्नुभएको थियो।

भिक्षु अस्सजितको सभापतित्वमा सम्पन्न भएको उक्त समारोहमा निर्णायक मण्डलको तर्फबाट डा. केशवमान शाक्यले बौद्ध धर्म प्रज्ञासँग सम्बन्धित रहेको विचार व्यक्त गर्नुभयो भने प्रमुख अतिथि सांसद श्री पद्मरत्न तुलाधरले नेपालमा बौद्ध दर्शन अध्ययन गर्ने राम्रो व्यवस्था हुन नसकेको विषयमा दुःख प्रकट गर्नु हुँदै लेखकहरूले राम्रो अध्ययन पश्चात मात्र लेख लेख्न आवश्यक देखिने विचार पनि व्यक्त गर्नुभएको थियो।

युवा बौद्ध समूहको संयोजकत्वमा संचालित उक्त समारोहमा हर्षमुनि शाक्य, डा. चुन्दा बज्राचार्य, सौरभ शाक्य, विश्वभूमि सम्पादक सुशील बीर सिंह कंसाकार र त्रिरत्न मानन्धरले पनि आ–आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो।

## युवक बौद्ध मण्डल, नेपालका गतिविधिहरू

### प्रवचन कार्यक्रम

युवक बौद्ध मण्डलका संस्थापक अध्यक्ष पवित्र बहादुर बज्राचार्य, अध्यक्ष सुचित्रमान शाक्य र उपाध्यक्ष सानुराजा शाक्यको सभापतित्वमा महासचिव राजेश शाक्य, सदस्य सानुभाई शाक्य र सुरेन्द्र शाक्य आदिले उद्घोषण गर्नुभएको शनिबारिय प्रवचन कार्यक्रमहरू यसप्रकार संचालन भएको समाचार प्राप्त भएको छ।

आश्वीन १२ गते भिक्षु शाक्यपुत्र – थेरवादको वर्तमान स्थिति, आश्वीन २६ गते भुवनलाल प्रधान – नेपालमा बुद्ध धर्म, कार्तिक १ गते फणिन्द्ररत्न बज्राचार्य – बज्रयान, कार्तिक २४ गते चक्रमेहर बज्राचार्य – संघ संस्थामा युवाहरूको भूमिका, मंसीर १ गते आशारत्न शाक्य – करुणा, मंसीर १५ गते सुवर्ण शाक्य – बुद्ध धर्ममा देखा परेका विकृति।

### रक्तदान कार्यक्रम

२०५३ आश्वीन १ गते स्वास्थ्य उपसमिति संयोजक सुरेशराज बज्राचार्यको संयोजकत्वमा रक्तदान कार्यक्रम सम्पन्न। यु. बौ. म. नेपाल ब्लड डोनर्स क्लबको सदस्य भएको नाताले कमसेकम बर्षको २ पटक रक्तदान कार्यक्रमको आयोजना गरिँदै आएको र रगतको आवश्यकता भएका बिरामीहरूलाई आवश्यक रगत आपूर्ति गर्दै आएको जानकारी पनि प्राप्त भएको छ।

### स्वागत कार्यक्रम

२०५३ कार्तिक १७ गते नेपाल भ्रमणमा आउनु भएका करीब ३० जवान टाइवानका यात्रीहरूलाई उपाध्यक्ष सानुराजा शाक्यको सभापतित्वमा स्वागत कार्यक्रम सम्पन्न। सो कार्यक्रममा बौद्ध भजनहरू र प्रज्वल बज्राचार्यबाट बौद्ध चर्या नृत्य प्रस्तुत गर्नुका



Downloaded from http://www.dhamma.digital

साथै श्रमण टोली नेता Dr. Hsiang Chouyo र उपाध्यक्ष सानुराजा शाक्यले आ–आफ्नो मन्तव्य व्यक्त गर्नुभनका थिए।

## निःशुल्क स्वास्थ्य क्लिनिक

२०५३ आश्वीन ५ गते, मण्डलको स्वास्थ्य उप–समितिको सक्रियतामा ललितपुर उपमहानगर पालिकाका मेयर श्री बेखारत्न शाक्यज्यूबाट निःशुल्क स्वास्थ्य क्लिनिकको उद्घाटन सम्पन्न। महिला रोग विशेषज्ञ डा. भुवनेश्वरी र डा. दिनेशमुनि बज्राचार्यबाट बिरामी-हरूको स्वास्थ्य परिक्षण गरी हप्ताको जम्मा २ पटक क्लिनिक संचालन गरी स्थानिय बासिन्दा र असहाय बिरामीहरूले मानविय सेवा पाउँदै आजको जानकारी प्राप्त भएको छ।

## रक्तदान कार्यक्रम धरानमा

२०५३ पौष १४ गतेका दिन श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभजन्मोत्सव तथा गद्दी आरोहणको रजत जयन्तीको शुभ अवसरमा बौद्ध युवा साथी, बुद्ध विहार धरान–८ को आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको समाचार प्राप्त भएको छ।

श्रीमती रमना श्रेष्ठज्यूको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रमका प्रमुख अतिथी रेडक्रस सोसाइटी-का केन्द्रिय सदस्य श्रीमती सरला कायस्थज्यू हुनुहुन्थ्यो। पञ्चशील प्रार्थना गरी शुरु गरिएको उक्त कार्यक्रममा आ–आफ्नो मन्तव्य व्यक्त गर्नु हुने महानुभावहरू यसरी हुनुहुन्थ्यो – प्रमुख अतिथी श्री सरला कायस्थ, निवर्तमान अध्यक्ष श्री दीपक कृष्ण पालिखे, बुद्ध विहारका सचिव श्री खड्गबहादुर मोक्तान, श्रीमती रमना श्रेष्ठ, कार्यक्रमका संयोजक श्री सुनिल शेखर श्रेष्ठ हुनुहुन्थ्यो भने कार्यक्रम संचालक शिवराम श्रेष्ठ हुनुहुन्थ्यो।

२८ जवान रक्तदाताहरूको नामावली –

| | |
|---|---|
| सुनिल शेखर श्रेष्ठ | श्रीमती धने कु. मोक्तान |
| श्री सूरज शाक्य | सुश्री सुनीता रिमाल |
| श्री गोपाल मोक्तान | श्री छविलाल रिमाल |
| सुश्री सवनम क्षेत्री | श्री अशोक बज्राचार्य |
| श्री सुनिल लाखे | श्री विकाश श्रेष्ठ |
| श्री नबिन श्रेष्ठ | श्री पूर्ण श्रेष्ठ |
| श्री लक्ष्मीनारायण मानन्धर | श्री शिव प्रसाद श्रेष्ठ |
| सुश्री मनुषा स्थापित | श्री सुरेन्द्र स्थापित |
| श्रीमती लक्ष्मी तामाङ्ग | श्री सुदन लिम्बु |
| श्री दिनेश तुलाधर | श्री सुगन श्रेष्ठ |
| सुश्री मुन्ना शर्मा | सुश्री रोजी पाखिन |
| श्री प्रदिप थापा | श्री नविन श्रेष्ठ |
| सुश्री रेखा शाक्य | श्रीमती पवित्रा रिमाल |
| श्री नन्द किशोर हलवाई | सुश्री लक्ष्मी तामाङ्ग |

## ज्ञानमाला सम्मेलन – एक प्रतिक्रिया

गत पौष २१, २२ र २३ गते ज्ञानमाला दोश्रो राष्ट्रिय सम्मेलन बडो भव्यताका साथ ऐतिहासिक नगर पाल्पा शहरमा सम्पन्न भयो। उक्त राष्ट्रिय सम्मेलनमा ज्ञानमाला संघ, सुनसरी (धरान) को पनि सहभागिता रहेको थियो।

ज्ञानमाला संघ, सुनसरीलाई विभिन्न ज्ञानमाला संघ र पत्रकारज्यूहरूले तेस्रो ज्ञानमाला राष्ट्रिय सम्मेलनको पाः ब्व लिने सन्दर्भमा उठाइएको जिज्ञासाको स्पष्टिकरण दिन गइरहेका छौं।

प्रथमतः ज्ञानमाला तेस्रो राष्ट्रिय सम्मेलनको पाः ब्व लिनका लागि हामीले प्रस्ताव राखेको नभएर केन्द्रका विशिष्ट व्यक्तिहरूबाट हामीलाई पाः ब्व लिनका लागि विशेष अनुरोध गरिएको थियो। यो कुरा त



Downloaded from http://www.dhamma.digital

प्रत्यक्षदर्शीहरूले महशुस गर्नुभएको कुरा हो। राष्ट्रिय सम्मेलन आयोजना जस्तो बृहत अभिभारा बहन गर्न र सफलपूर्वक सम्पन्न गर्न हामीले केही जायज शर्तहरू प्रस्तुत गरेका थियौं। यसका लागि केन्द्रीय पदाधिकारी-ज्यूहरूले दुई पक्षीय वार्ता गरेर निर्णय गर्ने सल्लाह दिनु भयो।

तर दोश्रो चरणको कार्यक्रममा हामीसँग कुनै वार्ता नै नभइकन, भक्तपुरले पा: ब्व लिने घोषणा गरियो र यसका लागि भक्तपुरको लिखित प्रस्ताव र ज्ञानमाला संघ, सुनसरीको आर्थिक शर्तनामा सहितको मौखिक प्रस्ताव आएको भन्ने घोषणा सुन्दा हामी सहभागीहरू आश्चर्यचकित भयौं। हाम्रा शर्तहरूको वार्ता पश्चात ज्ञानमाला तेस्रो राष्ट्रिय सम्मेलन ज्ञानमाला संघ, सुनसरीले नै आतिथ्य गर्ने विचार गरेका थियौं। तर केन्द्रीय पदाधिकारीज्यूहरूले समयाभाव दर्शाउँदै, बिना छलफल, गैर-जिम्मेवारीपूर्वक भक्तपुरलाई पा: ब्व दिने निर्णय गरेको सुन्दा हामीलाई ज्यादै दुःख लाग्यो।

लाखौं रूपियाँ खर्च गरेर ज्ञानमाला सम्मेलन गरिन्छ, तर त्यस सम्मेलनमा जिल्लामा छरिएर रहेका ज्ञानमाला संघहरूले आफ्नो उद्देश्य र लक्ष्य अनुरूप के कति प्रयास गरे, कति उपलब्धी गरे र भविष्यमा यस ज्ञानमालाको उत्थानको लागि के के गरिनु आवश्यक छ, कस्ता कार्यक्रमहरू गरिनु पर्छ इ० कुराहरूको छलफल गरिएको पाइएन। ज्ञानमालाको अर्थ बुद्धको उपदेशहरू-लाई भजनको माध्यमद्वारा जनमानसमा पुऱ्याउनु हो। तर यत्रो ज्ञानमाला सम्मेलनमा ज्ञानमाला भजनलाई २०-२० मिनेटमा सीमित गरिएको थियो। खैर! जेहोस्, हामीले बन्द सेसनबाट भन्दा २० मिनेटको समयमा ज्ञानमाला संघ, सुनसरीद्वारा प्रस्तुत गरिएको भजनले उपस्थित बौद्धहरूमा आएको उत्साह, प्रतिक्रया, चेतनाको प्रत्यक्ष रूप देख्न पाउँदा हामीले औधी आत्मा सन्तुष्टि पाएको र ज्ञानमालाको उद्देश्य र लक्ष्यको नजदीक पुगेको महशुस गरेका छौं। जब कि ती बन्द सेसनहरूमा बौद्धहरू त्यति उत्साहित भएको पाइएन।

यस ज्ञानमाला सम्मेलनमा केन्द्रबाट पाएको सुविधा र पाल्पावासीहरूको आत्मीय आतिथ्यको लागि हामी ज्ञानमाला संघ, सुनसरीको तर्फबाट हृदयदेखि नै हार्दिक आभार व्यक्त गर्दछौं।

अन्त्यमा, ज्ञानमाला महासंघ नेपा:को उत्तरोत्तर प्रगतिको हार्दिक शुभेच्छा व्यक्त गर्दछौं।

## जापानी सहयोगको दुरुपयोग

काठमाडौं बलम्बुस्थित प्रणिधीपूर्ण महाविहारमा चालु रहेको बौद्ध परियत्ति शिक्षालाई अझ प्रभावकारी ढंगले संचालन गरी आधुनिक ढंगको बौद्ध विद्यालय खोल्नको लागि एक जापानी दाताले २०५२।१०।२ का दिन उक्त विहारका अनगारिका गुरुमाँहरूको हातमा खामबन्दी डलर प्रदान गरिएको रकम ल. पु. पुलचोक निवासी सिद्धिबहादुर शाक्यले लिई सम्बन्धित कार्यमा खर्च नगरी रकमको सदुपयोग नगरेको समाचार छ। प्राप्त समाचार अनुसार विहारका पदाधिकारीहरू र गुरुमाँहरू समेतले सो रकम सदुपयोग गरिपाउँ भनी थेरवाद बौद्ध दायक केन्द्रीय परिषद्मा २०५३।३।५ मा अनुरोध गरी नीज सिद्धिबहादुर शाक्यलाई २०५३।३।१७ का दिन बलम्बु विहारमा बसेको सभामा बोलाई सोधपुछ गर्दा जापानी दाताले अमेरिकी डलर १८०००।- (अठार हजार डलर) दिएको हो भन्ने कुरा जानकारी दिइएको थियो। सम्बन्धित कार्यको निम्ति गठन भएको समितीको निर्णयानुसार संयोजक सिद्धिबहादुर शाक्य, विहारका कोषाध्यक्ष ताराबीर महर्जन र बौद्ध परियत्ति शिक्षा



Downloaded from http://www.dhamma.digital

पढाउने कार्य गरिरहनु भएका अनगारिका सुजाता समेतको नाममा नियमानुसार बैंकमा रकम जम्मा गर्नु पर्नेमा नगरी सिद्धिबहादुर शाक्यले समिती नै बिघटन गरी मनपरी रकम खर्च गरेको कुरा थाहा भएकोले बैंकमा रकम दाखिला गर्न पटक पटक समितीले निर्देशन दिएको तर कार्यान्वयन नभएको हुंदा बाध्यताबश सम्बन्धित कार्यालयमा जाहेरी निवेदन दर्ता गरेको समेत समाचार छ ।

## महानाम स्मृति कोष

यही माघ ४ गते काठमाडौं धर्मचक्र विहारमा भएको थेरवाद बौद्ध दायक केन्द्रीय परिषद्‌को बैठकमा स्व. भिक्षु महानाम महास्थविरले छोडेर जानुभएको नगद र बैंकमा रहेको रकम अक्षय कोषमा जम्मा गर्ने गरी महानाम स्मृति कोष स्थापना गरिएको समाचार प्राप्त भएको छ । उक्त कोष संचालनको निम्ति निम्न-महानुभावहरूको कमिटी यसरी गठन गरिएको छ—

श्री पुर्णरत्न बज्राचार्य – संयोजक

भिक्षु कुमार काश्यप महास्थविर –

धम्मानुशासक तथा सदस्य

श्री ज्ञानज्योति कंसाकार – सदस्य

श्री कुल धर्मरत्न तुलाधर

प्रतिनिधि आनन्दकुटी दायक सभा – सदस्य

श्री बखतबहादुर चित्रकार

अध्यक्ष थे. बौ. दा. के. परिषद् – सदस्य

## कार्यसमितिको निर्वाचन

२०५३ सालमा स्थापित मैत्री संघ पोखराको साधारण सभाले यस संघको कार्यसमितिको दुई वर्षको लागि निर्विरोध निर्वाचन गरेको समाचार प्राप्त भएको छ । कार्यसमितिको पदाधिकारीहरू यसप्रकार राखेको छ—

अध्यक्ष श्री विश्वरत्न शाक्य, उपाध्यक्ष श्री विक्रम उदास, सचिव श्री गोविन्दबहादुर ताम्राकार, सह-सचिव श्री निलकण्ठ उदास, कोषाध्यक्ष श्री श्याम शाक्य, सदस्यहरू सुश्री सुनीता ताम्राकार, सुश्री हरिमाया गुरुङ्ग, श्री दीपक उदास, श्री बखतबहादुर गुरुङ्ग, श्री नारायण प्रसाद ताम्राकार र श्री बृजमान ताम्राकार,

संघको प्रथम कार्यसमितिको बैठकले विभिन्न व्यक्तिहरूलाई यसरी मनोनयन गरेको छ—

धर्मशीला बुद्ध विहार, दायक सभा अध्यक्ष – श्री तिलकमान गुभाजु, सनातन धर्म सेवा समिति अध्यक्ष तथा केन्द्रीय उपाध्यक्ष – श्री रवीन्द्र माकजु, धर्मोदय सभाका अध्यक्ष – श्री बीलबहादुर गुरुङ्ग, बौद्ध अर्घौ सदन अध्यक्ष तथा नवगठित कार्यसमितिको पदावधिभरी सल्लाहकार – श्री शंकर गुरुङ्ग ।

उक्त कार्यक्रममा वयोवृद्ध भिक्षु सुभद्र, भिक्षु श्रद्धानन्द, श्री शीवमान उदात तथा श्री प्रज्ञारत्न बज्राचार्यलाई संघको मानार्थ सदस्यता पनि प्रदान गरिएको थियो ।

## स्वयम्भूमा विशेष धार्मिक कार्यक्रम

श्री ५ महाराजाधिराजको गद्दी आरोहण रजत महोत्सवको उपलक्ष्यमा धर्मोदय सभाको आयोजनामा माघ १२ गते स्वयम्भू महाचैत्यमा विशेष बुद्धगुणस्मरण कार्यक्रमको आयोजना गरियो । उक्त धार्मिक कार्यक्रममा युवा खेलकूद तथा संस्कृति मन्त्री बलबहादुर केसीले राजसंस्थाप्रति देखाएको माया र ममता तथा बौद्ध परम्परा अनुसार विशेष पूजा गरी सम्मान प्रदर्शित गरेकोमा खुशी प्रकट गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

सो समारोहमा धर्मोदय सभाका वरिष्ठ उपाध्यक्ष लोकदर्शन बज्राचार्य, पंडित बद्रीरत्न बज्राचार्य र बुद्धरत्न बज्राचार्यहरूले बोल्नुभएको थियो ।

## नेपाल बौद्ध समाजको वार्षिक उत्सव

नेपाल बौद्ध समाजको अट्ठाइसौं वर्ष गाँठको उपलक्ष्यमा बौद्ध दर्शनको विभिन्न पक्षलाई लिएर दुई दिने बुद्धिजीवी सम्मेलनको आयोजना गरेको थियो । प्रधानमन्त्री शेरबहादुरले उक्त सम्मेलनको सफलताको सन्देश पठाउनु भएको थियो । सन्देशमा उहाँले भन्नुभएको छ—भगवान् बुद्धको शान्ति, अहिंसा र मैत्रीको सन्देश प्रचार प्रसारमा लाग्नु हामी सबै नेपालीको कर्तव्य हो ।

यसै गरी वरिष्ठ प्रजातन्त्रवादी नेता गणेशमान सिंहले पनि सो बुद्धिजीवी सम्मेलनको सफलताको कामना गर्दै दिनु भएको शुभकामना सन्देशमा ईर्ष्या, तनाव र अशान्तिले ग्रस्त आजको विश्वमा भगवान् बुद्धद्वारा प्रतिपादित मैत्री, करुणा सन्देशहरूको महत्व झन् झन् बढ्दै गएको बताउनु भएको छ ।

उक्त अवसरमा सभापतिको आसनबाट नेपाल बौद्ध समाजका संस्थापक अध्यक्ष प्रेमबहादुर शाक्यले भगवान् बुद्धको शिक्षा र नौलो संस्कृतिको विश्वव्यापी प्रचार प्रसार गर्नु पर्ने विचार प्रकट गर्नुभयो । सो सम्मेलन नेपालका लागि भारतका राजदूत के. भी. राजनले उद्घाटन गर्नुभएको थियो ।

## लुम्बिनीमा वार्षिक समारोह

भिक्षु मैत्रीले स्थापना गर्नुभएको "अन्तर्राष्ट्रिय बौद्ध समाज" को वार्षिक समारोह वहाँकै सभापतित्वमा पौष २५ गते लुम्बिनी बुद्ध नगरमा सम्पन्न भएको समाचार प्राप्त भएको छ ।

उक्त समारोहमा भिक्षु अश्वघोष, भिक्षु विमलानन्द, भिक्षु सुदर्शन, धम्मवती गुरुमाँले र धर्मरत्न शाक्यले आ–आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

अन्तर्राष्ट्रिय बौद्ध समाजका सचिव डा. मल्लिकले प्रतिवेदन प्रस्तुत गर्नु हुँदै उक्त समाजको उद्देश्यहरू यसरी रहेको जानकारी दिनु भयो—निःशुल्क स्वास्थ्य सेवा, यात्रुहरूका लागि धर्मशाला निर्माण, पुस्तकालय स्थापना, सूचना केन्द्र स्थापना गर्ने उद्देश्य अनुसार हाल दिनहुँ निःशुल्क स्वास्थ्य सेवा संचालन भइरहेको । हालसम्म यात्रीहरूका लागि सात आठवटा कोठाहरू तयार भइसकेको छ ।

काठमाडौंबाट स्वयम्भू ज्ञानमाला भजन खलः परिवार र संघरत्नको आयोजनामा आएका तीर्थयात्रीहरूको उपस्थितिले गर्दा समारोह झन भव्य देखिएको थियो । ज्ञानमाला संघका अध्यक्ष श्री शान्तरत्नले आफ्नो मन्तव्य प्रस्तुत गर्नुभएको उक्त समारोह श्री सुवर्ण शाक्यले संचालन गर्नुभएको थियो ।

## ज्ञानमाला द्वितीय राष्ट्रिय सम्मेलन

२०५३ पौष २१, २२ र २३ गते तीन दिनसम्म पाल्पा तानसेनका रमणीय स्थलमा भव्यरूपमा ज्ञानमाला द्वितीय राष्ट्रिय सम्मेलन सम्पन्न भएको समाचार प्राप्त भएको छ । यस सम्मेलनमा बुटवल ज्ञानमाला संघ बाहेक राष्ट्रव्यापी जिल्ला ज्ञानमाला भजन संघहरूले भाग लिएको समाचार छ ।

कार्यक्रम यसरी अगाडी बढेको थियो । २१ गते बिहान ११.३० बजे महाचैत्य विहारमा संघनायक भिक्षु शाक्यानन्द महास्थविरले बौद्ध ध्वजोत्तोलन गरी सम्मेलनको शुभारम्भ गर्नुभएको थियो भने त्यहिँबाट स्थानीय स्कूलका हजारौं छात्र–छात्राहरू सहित विभिन्न



Downloaded from http://www.dhamma.digital

जिल्लाका ज्ञानमाला भजन मण्डलहरू र स्थानिय बौद्धहरू मिली शान्ती पदयात्राले नगर परिक्रमा गरी टुंडिखेलमा पुगिसकेपछि सभामा परिणत भयो ।

संघनायक शाक्यानन्द महास्थविरको प्रमुख आतिथ्य र शान्तरत्न शाक्यको सभापतित्वमा सम्पन्न भएको सो सभामा स्थानिय सांसदद्वय, जिल्ला उप-सभापति, सिडियो र तानसेन नगर प्रमुख आदिले आ–आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । धेरैजसो वक्ताहरूले लुम्बिनी अञ्चल भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल बनाउनै पर्ने विषयमा जोड दिनुभएको थियो ।

भिक्षु अश्वघोष महास्थविरले पनि बोल्नु भएको सो सम्मेलनमा भिक्षु सुदर्शन, लुम्बिनी विकास कोषका उपाध्यक्ष भिक्षु विमलानन्द, भिक्षु तपश्वी धम्म, भिक्षु मैत्री आदिको उपस्थिति थियो ।

ज्ञानमाला संघका सचिव किरण कुमार जोशीले स्वागत भाषण गर्नुभएको सो सभामा तानसेन ज्ञानमाला संघका पदाधिकारी चकोरमान शाक्य र कृष्णमान शाक्यले पनि आ–आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । ज्ञानमाला संघका अध्यक्ष शान्तरत्न शाक्यले धन्यवाद दिनु भएको सो सभा श्री सुवर्ण शाक्यले संचालन गर्नुभएको थियो ।

२०५३ साल पौष २२ गते यस दिनको कार्यक्रम चिनियालाल बज्राचार्यको सभापतित्वमा र यसपाल शाक्यको स्वागत मन्तव्यबाट शुरु भएको थियो ।

श्री भुवनलाल प्रधानले "बुद्ध धर्मको प्रचार प्रसार र बौद्ध एक सूत्रीकरणमा ज्ञानमालाको भूमिका" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो भने श्री जगतबहादुर जोशीले सो कार्यपत्र माथि टिप्पणी गर्नुभयो ।

दोश्रो सभा श्री लोकदर्शन बज्राचार्यको सभापतित्वमा संचालन भयो । श्री छत्रराज शाक्यद्वारा "बुद्ध धर्मको विकासमा तानसेन, पाल्पाको देन र ज्ञानमालाको माध्यम" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो कार्यपत्रमा भिक्षु सुदर्शनले टिप्पणी गर्नुभयो । यस विषयमा निम्न बुँदाहरूमा छलफल भएको थियो ।

१. बुद्ध धर्मको विकासमा ज्ञानमालाले दिनसक्ने योगदान ।
२. ज्ञानमाला–हिजोको देन र आजको आवश्यकता ।
३. ज्ञानमाला महासंघको मस्यौदा बिधान ।

२०५३ साल पौष २३ गते संघनायक शाक्यानन्द महास्थविरको प्रमुखमा आतिथ्य र शान्तरत्नको सभापतित्वमा समापन समारोह सम्पन्न भएको दिन दशरथमुनि शाक्यको स्वागत मन्तव्यपछि सुश्री सुमना शाक्य र सुवर्ण शाक्यले मन्तव्य व्यक्त गरिएको थियो । आगामी तृतीय राष्ट्रिय सम्मेलनको लागि पाल्पा ज्ञानमाला सभाका अध्यक्ष कृष्ण प्रसाद शाक्यले भक्तपुर ज्ञानमाला संघलाई पाःब्व जिम्मा दिई ज्ञानमाला द्वितीय राष्ट्रिय सम्मेलन समापन गरिएको थियो ।

## भूल सुधार

गत महिनाको अंक ९, बर्ष १४ को धर्मकीर्ति पत्रिकामा प्रकाशित श्रीलंका सरकारबाट आर्थिक सहयोग नामको समाचारमा श्रीलंकाका धार्मिक मन्त्रालयको तर्फबाट (आनन्दकुटीलाई) भिक्षु कुमार काश्यप र (संघारामलाई) भिक्षु अश्वघोष गरी प्रत्येकलाई रू. ६९५९।५३ को चेक हस्तान्तरण भएको हुनु पर्नेमा अन्यथा हुन पुगेकोले यस सूचना अनुसार भूल सुधार गरी पढ्नु हुन अनुरोध गर्दछौं ।



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति पत्रिकाका सम्पूर्ण ग्राहक महानुभावहरूलाई जानकारी

यस वर्ष २०५३ सालको धर्मकीर्ति पत्रिकाको वार्षिक ग्राहक शुल्क यही चैत्र महिना (वर्ष १४, अंक १२) देखी समाप्त हुने भएकोले यसबारे जानकारी दिंदै धर्मकीर्ति पत्रिका प्रकाशित गर्न आवश्यक खर्चको लागि उपलब्ध भएको कोषको ब्याजबाट सोध भर्ना गरेर पनि नपुग हुने देखिएको हुंदा पत्रिकाको वार्षिक दरमा केहि रकम बृद्धि गर्नुपर्ने आवश्यकता भएकोले बि. सं. २०५४ साल बैशाख (वर्ष १५, अंक १) देखी प्रकासित हुने पत्रिकाको वार्षिक दर रू. ३५।– बाट बृद्धि भई रू. ५०।– हुने कुरा जानकारी दिंदै सम्पूर्ण धर्मकीर्ति पत्रिकाका ग्राहक महानुभावहरूले आगामी वर्ष २०५४ साल वर्ष १५, अंक १ देखी १२ सम्मको सदस्यता नविकरण गर्नको लागि यथा समयमा आवश्यक शुल्क बुझाउनु भई सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं। पत्रिकाको वार्षिक दरमा बृद्धि हुन गई ग्राहक महानुभावहरूलाई पर्न जाने असुविधाको लागि धर्मकीर्ति क्षमा प्रार्थी छ।

पुनश्च – कृपया चेकबाट भुक्तानी पठाउनु हुंदा खातावालको नाम 'धर्मकीर्ति' मात्र उल्लेख गरी पठाई दिनु हुन पनि अनुरोध गर्दछौं।

– व्यवस्थापक


## अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र

बुद्धनगर, शंखमूल

2529

### ❀ सतिपट्ठान विपस्सना भावना शिविरया सूचं ❀

बर्माया ध्यानगुरु ओवादाचार्य सयादो ऊ पण्डिताभिवंश भन्तेया निर्देशनय् सतिपट्ठान विपस्सना भावना शिविर संचालन जुइगु दु। उगु शिविरय् ब्वति कया: संसारिक दु:खं मुक्त जुइगु उपाय सयेका दिसँ। सकसितं लसकुस। इलय् हे स्वापूतया थाय् सुरक्षित याना दिसँ।

स्वापू तयेगु थाय् – ध्यानकेन्द्र, फोन : ४८२७०७

– अ. बौ. भा. के.




Downloaded from http://www.dhamma.digital

## ज्ञानमाला रत्नवत पुरस्कार प्रदान

ने. सं. १११७ पोहेलागाः दुतिया, २०५३ माघ १२ गतेका दिन ज्ञानमाला भजन खलः स्वयम्भू, रत्नवत सिरपाः समितिको आयोजनामा ज्ञानमाला रत्नवत सिरपाः तेश्रो पटकौंको पुरस्कार प्रदान गरिएको समाचार प्राप्त भएको छ। उक्त कार्यक्रम अध्यक्ष शान्तरत्न शाक्यको सभापतित्वमा स्वयम्भू ज्ञानमाला भजन सत्तलमा सम्पन्न भएको थियो। यसपाली यस पुरस्कार भिक्षु सुदर्शन महास्थविर, ज्ञानमाला सभा, महाचैत्य विहार (टक्सार टोल, तानसेन पाल्पा) र आनन्द शाक्यलाई प्रदान गरिएको थियो।

भन्ते र गुरुमाँ मध्ये १ जवान निरन्तर रूपमा बौद्ध धर्म प्रचार प्रसार कार्यमा भूमिका खेल्दै आइराखेको ज्ञानमाला भजन खलः र ज्ञानमाला भजनको गीत लेखी लय राख्नु हुने महानुभाव मध्ये एक जवानलाई वर्षको एक पटक यस पुरस्कार प्रदान गर्दै आएको छ।

ज्ञानमाला भजन खलः स्वयम्भूको भू. पू. अध्यक्ष तथा सल्लाहकार परिषद्को प्रमुख (दिवंगत) रत्नबहादुर तण्डुकारको आफ्नो नीजि एकलाख रूपैयाँको अक्षयकोष स्थापना गरी त्यसबाट प्राप्त हुने ब्याजले यस कार्यक्रम संचालन गर्दै आएको छ।

ज्ञानमाला भजन खलःका उपाध्यक्ष दिलहर्ष तुलाधरले स्वागत गर्नुभएको उक्त सभामा कोषाध्यक्ष शान्तकुमार चित्रकारले शुभकामना व्यक्त गर्नुभएको थियो। सचिव किरणकुमार जोशीले कार्यक्रम संचालन गर्नुभएको उक्त सभामा पुरस्कार प्राप्त गर्नु हुने भिक्षु सुदर्शनले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो।

## भीमबहालको शिलान्यास

२०५३ माघ १० गते फनपि बौद्ध विहार पुनः स्थापना गुठीको आयोजनामा जनसहयोगबाट निर्माण हुन लागेको भीमबहालको आज एक समारोहका बीच समाज सेवी एवं उक्त विहार निर्माण समितिका अध्यक्ष बिजयमान श्रेष्ठले शिलान्यास गर्नुभयो।

भिक्षु कालुदायी महास्थविरले मंगलसूत्र पाठ र धर्मोपदेश गर्नुभएको सो अवसरमा उक्त गुठीका अध्यक्ष बुद्धाचार्य शाक्यले फपिङ्गको बुद्ध विहार बारे प्रकाश पार्नु भएको थियो।

स्थानीय भजन मण्डल, उपभोक्ता समिति र जनताको तर्फबाट प्राप्त भएको एक रोपनी चारआना जग्गामा रू. १२ लाखको लागतमा विहार निर्माण हुन लागेको कुरा थाहा हुन आएको छ।

महामञ्जुश्री नृत्य समेत प्रस्तुत गरिएको उक्त अवसरमा स्वयम्भू ज्ञानमाला भजनले ज्ञानमाला भजन पनि गरेको थियो।

---

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य—

क्र. सं. २१८

भ्रष्टरत्न तुलाधर
ल्यौड
रू. १५००।–

---

## युवा बौद्ध पुचःया झिंक्वःगु बुदिं हन

२०५३ माघ १९ गते खुन्हु भक्तपुर दीपंकर विहारस युवा बौद्ध पुचःया झिंक्वःगु बुदिं हंगु दु। शील प्रार्थना लिपा शुरु जूगु उगु कार्यक्रमे उपाध्यक्ष देवचन्द्र बज्राचार्यं लसकुस म्वचू व युवा बौद्ध पुचःपाखें लसकुस म्ये प्रस्तुत जूगु खः। युवा बौद्ध पुचःया नायो धर्मरत्न शाक्यया सभापतित्वे सम्पन्न जूगु थुगु कार्यक्रमया उद्घाटन श्रद्धेय अश्वघोष भन्तेनं याना बिज्याःगु खःसा सचिव शाक्ययन शाक्यं वार्षिक प्रतिवेदन प्रस्तुत याना दीगु खः। मू पाहाँ भिक्षु अश्वघोषया साथसाथे रामकृष्ण वैद्य, रत्नसुन्दर शाक्य व युवा बौद्ध पुचःया सल्लाहकार सिद्धिरत्न शाक्यं थःथःगु न्वचू प्वंकादीगु थुगु कार्यक्रमय् सदस्य सञ्जय शाक्यं छपु च्वखं नं प्रस्तुत यानादिल। युवा बौद्ध पुचःपाखें ज्ञानमाला प्रस्तुत यासे सरिता बज्राचार्यं कार्यक्रम संचालन यानादीगु थुगु कार्यक्रमे पद्मसुन्दर शाक्यजुं सुभाय् देछानादिसे कार्यक्रमया अन्तिमे सभापतिजुपाखें सभा बिसर्जन यानादीगु खः।

मुद्रक – नेपाल प्रेस, शुक्रपथ, काठमाडौं, नेपाल।    फोन – २२ १० ३२, २२५ ४५०

Downloaded from http://www.dhamma.digital